नविन कृषि सहकारी संस्था लि.

जगाती-७, भक्तपुर, फोन नं.: ०१-६६१२५०७

१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८३/०८/०१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार संस्थाको १४ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सम्पूर्ण शेयर सदस्यहरूमा जानकारी गराइन्छ । साथै उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

कार्यक्रम

मिति : २०८३/०८/२६ गते, शनिबार
समय : बिहान १०:०० बजे
स्थान : संस्थाको कार्यकक्ष (जगाती-७, भक्तपुर)

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।

मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : ३०१ ★ ने. सं. ११४७ कछला थ्व, एकादशी ★ शुक्रबार ★ ४ मङ्सिर, २०८३ ★ November 20, 2026, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता बिहीबारबाट सुरु

प्रतियोगितामा ८४ विद्यालयका ३२०० भन्दा बढी विद्यार्थी सहभागी



भक्तपुर, ३ मङ्सिर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा भएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८३ को बिहीबार एक समारोहबिच उद्घाटन गर्नुभयो । प्रतियोगिताअन्तर्गत टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो-खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करौंते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, बाघचाल र कसिमला पाँय् खेल गरी १५ वटा विधामा सञ्चालन हुनेछ ।

उद्घाटन कार्यक्रममा पार्टी अध्यक्ष बिजुक्छेँले युवा तथा विद्यार्थी अवस्थामै शरीरलाई स्वस्थ राख्न सके असल र सक्षम नागरिक बनाउन सकिने बताउनुभयो ।

खेलकुद स्वस्थ शरीर र अनुशासनका लागि मात्र नभई देश र जनताको सेवाका लागि पनि आवश्यक रहेको उहाँले बताउनुभयो ।

खेलकुदले बाह्य आक्रमणको विरोधमा लड्न सक्ने शारीरिक तथा मानसिक क्षमता विकास गर्न सहयोग पुग्ने उल्लेख गर्दै उहाँले देशमा सङ्कट परेको अवस्थामा सामना गर्न सधैँ तयार रहनुपर्ने बताउनुभयो ।

खेलकुदमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो लागि मात्र नभई देश र जनताको निम्ति खेल्ने भावना विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गका रूपमा विकास गर्न समय-समयमा अन्तरविद्यालय खेलकुद प्रतियोगिता आयोजना गर्ने, राष्ट्रिय खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने, राष्ट्रिय प्रतियोगितामा विजयी तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने भक्तपुरका खेलाडीहरूलाई सम्मान गर्ने र उपयुक्त स्थानमा खेलकुद कभर्ड हल निर्माण गर्ने विषय निर्वाचन घोषणापत्रमा समेटिएको बताउनुभयो ।

नगरपालिकाले घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरू एक-एक गरी पूरा गर्ने क्रममा अन्तरविद्यालय खेलकुद प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुदलाई प्राथमिकतामा राख्दै पूर्वाधार निर्माण तथा खेलाडी उत्पादनमा समेत जोड दिँदै आएको बताउँदै उहाँले भक्तपुर नगरपालिका-८ लिबालीमा ब्याडमिन्टन कभर्ड हल र वडा नं. १० बेखालमा टेबलटेनिस कभर्ड हल निर्माण सम्पन्न गरी खेल प्रशिक्षण सञ्चालन गरिरहेको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले खेलकुदमा अनुशासन अपरिहार्य हुने बताउँदै प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यालयप्रति आभार व्यक्त गर्दै उहाँले विद्यार्थीलाई खेलकुदको अवसर प्रदान गरेकोमा भक्तपुर नगरपालिकाप्रति कृतज्ञता ज्ञापन गर्नुभयो ।

खेलकुद क्षेत्रलाई अझै अनिवार्य र व्यवस्थित बनाउन नसकिएको उल्लेख गर्दै उहाँले स्थानीय तह भक्तपुर नगरपालिकाले गरेको अगुवाइ सराहनीय रहेको बताउनुभयो । नेपालको शिक्षा क्षेत्र अझै अपेक्षाअनुसार सुधार हुन नसकेको चर्चा गर्दै उहाँले आइतबार सार्वजनिक बिदा

बाँकी पृष्ठ २ मा

नगर प्रमुख सुनिल प्रजापतिसँग चिनियाँ वैदेशिक

मैत्री सङ्घका अध्यक्ष याङ वानमिङको शिष्टाचार भेट



भक्तपुर, ३ मङ्सिर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जनवादी गणतन्त्र चीनको चिनियाँ वैदेशिक मैत्री सङ्घका अध्यक्ष याङ वानमिङले शिष्टाचार भेट गर्नुभयो । चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वागत गर्नुभयो ।

तीनदिने नेपाल भ्रमणको क्रममा भक्तपुर आइपुगेको प्रतिनिधिमण्डलले नगर प्रमुख प्रजापतिसँग भेटघाट तथा आपसी मैत्री सम्बन्धका विषयमा छलफल गरेको थियो ।

भेटको अवसरमा नगर प्रमुख प्रजापतिले नेपाल र चीनबिचको सम्बन्ध इतिहासदेखि नै घनिष्ठ र मित्रवत् रहँदै आएको उल्लेख गर्दै सातौँ शताब्दीमा तिब्बतका राजा स्रङचङ गम्पोसँग नेपाली राजकुमारी भृकुटीको विवाह तथा तेह्रौँ शताब्दीमा नेपाली कलाकार अरनिकोले तिब्बत र पेइचिङमा निर्माण गरेका कलाकृतिहरूले नेपाल-चीनबिचको ऐतिहासिक सम्बन्ध र सांस्कृतिक मित्रतालाई प्रस्ट पारेको बताउनुभयो ।

उहाँले सन् १९५५ मा नेपाल र चीनबिच औपचारिक दौत्य सम्बन्ध स्थापना भएपछि चीनले नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको चर्चा गर्दै सडक पूर्वाधार निर्माण, विभिन्न उद्योगधन्दाको स्थापना तथा ट्रलीबस सञ्चालनलगायतका क्षेत्रमा चीनले गरेको सहयोग नेपालको विकास यात्रामा महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले कोभिड-१९ महामारीको बेला भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई शान्नान नगरपालिकाले विभिन्न स्वास्थ्य सामग्री सहयोग गरी मानवीय सहयोग र सद्भाव प्रस्तुत गरेको स्मरण गर्नुभयो । उक्त सहयोगले नेपाल र चीनबिचको मित्रवत् सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै असल छिमेकीको व्यवहारलाई समेत प्रतिबिम्बित गरेको उहाँको भनाइ थियो ।

प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबिच राम्रो सम्बन्ध रहँदै आएको उल्लेख गर्दै आफूहरू नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित जनप्रतिनिधि भएको र पार्टीले मार्क्सवाद, लेनिनवाद र माओत्से तुङ विचारधारालाई आफ्नो मार्गनिर्देशक सिद्धान्तका रूपमा अङ्गीकार गर्दै आएको जानकारी दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीको नेतृत्व वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले गर्दै आउनुभएको उल्लेख गर्दै जनताको सेवा नै राजनीति हो भन्ने मान्यताका साथ उहाँले पार्टीलाई मार्गनिर्देशन गर्दै आएको बताउनुभयो । साथै, बिजुक्छेँद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तकले भक्तपुरको भविष्यको परिकल्पना र विकासको दीर्घकालीन रूपरेखा प्रस्तुत गरेको उल्लेख गर्दै उक्त विचार र मार्गनिर्देशनअनुसार आफूहरू अघि बढिरहेको बताउनुभयो ।

चिनियाँ वैदेशिक मैत्री सङ्घका अध्यक्ष याङ वानमिङले भक्तपुर सहरले हासिल गरेको सफलता र विकासका लागि बधाई दिँदै नेपाल र चीनबिचको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भक्तपुर भ्रमण गर्न पाउँदा खुसी व्यक्त गर्दै भ्रमणको क्रममा सहरलाई अझ गहिराइमा बुझ्ने अवसर प्राप्त हुने

बाँकी पृष्ठ २ मा

बन्द भएका उद्योगहरू सरकारले सञ्चालन गर्नु जाती हुने

काठमाडौँ, ३ मङ्सिर । देश र जनताप्रति जिम्मेवार सत्तारुढ दलले जनताको आधारभूत आवश्यकता पूर्ति गर्न देशको आवश्यकता र जनताको मागअनुसार उद्योग तथा कल कारखाना खोलेको हुन्छ । जनताको आवश्यकता पूर्ति गरेर राजस्व बढाउनेतर्फ लाग्नुपर्ने सरकारहरूले बिगतमा धेरै सरकारी कारखाना, उद्योग तथा संस्था बन्द गरे । उद्योग घाटामा गएको निहुँमा कति उद्योग बन्द गरियो भने कति उद्योग निजीकरण गरियो । सरकारले उद्योग बन्द गर्नु हुँदैनथ्यो । बरु, उद्योग घाटा हुनुको कारण खोजी देखिएको कमी कमजोरी हटाएर फेरि सञ्चालन गर्नुपर्थ्यो । भएका उद्योगहरू बन्द भएपछि विदेशबाट सामान आयात गर्नुपर्ने हुन्छ । सामान आयात गर्दा स्वदेशी रकम बिदेसिन्छ र देशको आयस्रोत घट्छ । घाटा भएकै कारण देखाई विराटनगर जुट मिल्स २०६६ सालदेखि बन्द गरिएको थियो ।

बन्द भएका उद्योग-कारखाना फेरि सञ्चालन गर्नुपर्ने जन-दबाब बढ्यो । उक्त जुट मिल्स खोल्न गत साउनमा एक अध्ययन कार्यदल गठन गरिएको थियो । कार्यदलले बुझाएको प्रतिवेदनमा निजी क्षेत्रलाई सञ्चालन गर्न दिने, दीर्घकालीन लिजमा दिने वा सरकार आफैले सञ्चालन गर्ने उल्लेख छ । त्यसमध्ये दीर्घकालीन लिज व्यवस्थापन हुने गरी निजी क्षेत्रलाई दिन उचित हुने सुझाव कार्यदलले दिएको थियो । यसबारे छलफल भइरहेको खबर छापामा आएको छ । बन्द भएको उद्योग सञ्चालन गर्नु ठिक्कै हो, सञ्चालन गर्नुपर्छ । तर, त्यो उद्योग निजी क्षेत्रलाई दिने होइन अर्थात् सरकारले नै सञ्चालन गर्नुपर्छ । विराटनगर जुट मिल्स मात्र होइन अन्य बन्द भएका उद्योगहरू पनि मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्छ ।

देश विकास नचाहने दलको सरकारले मात्रै उद्योग खोल्दैन; खोल्न चाहँदैन । उद्योग खोल्न नचाहने सरकारले प्रत्यक्ष या अप्रत्यक्ष रूपमा विदेशी शक्तिराष्ट्रहरूको पृष्ठपोषण गरेको हुन्छ । नेपालमा खोलेका उद्योग बन्द गरेर विदेशबाट सामान आयात गर्नु के नेपाल र नेपाली जनताको पक्षमा हुन्छ ? विगतका सरकारहरूले निजीकरणको पक्षमा गएर आफ्नो जिम्मेवारी पन्छाउने काम गरे भने वर्तमान सरकार पनि उही बाटोमा लाग्दै छ । मङ्सिर २ गते प्रकाशित गोरखापत्रमा 'विराटनगर जुट मिल्स : निजी क्षेत्रलाई 'लिज' मा दिन सिफारिस' शीर्षकको समाचार

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १७५

राष्ट्रिय अनुसन्धानतर्फको सुधार

राज्य संयन्त्रको एक महत्त्वपूर्ण अङ्गको रूपमा गुप्तचर संस्थाहरू प्राचीनकालदेखि रहँदै आएका छन् । आधुनिक युगमा राज्यसत्ताको काम कारबाही जटिल बन्दै जाँदा यस्ता गुप्तचर संस्थाहरूको भूमिका अझ बृहत् हुँदै गएको छ । प्रविधिको विकाससँगै सामाजिक जटिलता थपिँदै गएका छन् । त्यही अनुपातमा सामाजिक विश्रृङ्खलता पनि बढ्दो छ ।

राष्ट्रिय अनुसन्धान विभाग (NID) वि.सं. २००८ मा नेपाल प्रहरी मातहत थियो । राजा महेन्द्रको पालामा यसलाई प्रहरी प्रधानकार्यालयबाट अलग गरी नेपाल गुप्तचर विभाग भनियो । २०४२ सालमा कानुनी रूपमा व्यवस्थित गर्न नेपाल विशेष ऐन २०४२ जारी गरी नेपाल जनसम्पर्क कार्यालयको नाम दिइयो । २०४६

बाँकी पृष्ठ २ मा













प्रतियोगितामा...

दिने व्यवस्थाले शिक्षा क्षेत्रलाई थप पछाडि धकेलेको टिप्पणी गर्नुभयो ।

आइतबार स्वास्थ्य सेवा बन्द हुँदा सर्वसाधारणले भोग्नुपरेको कठिनाइबारे ध्यानाकर्षण गरी सार्वजनिक बिदाको व्यवस्थाबारे पुनरावलोकन हुनुपर्नेमा जोड दिँदै उहाँले बालबालिकाको सुन्दर भविष्यसँग खेलबाड गर्न नहुने बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी बिनोदकुमार खड्काले यस्ता कार्यक्रमको आयोजनाले विद्यार्थीमा अनुशासन र प्रतिस्पर्धाको भावना विकास गर्न सहयोग पुग्ने बताउनुभयो । खेलकुदलाई पदक प्राप्त गर्ने माध्यमका रूपमा मात्र नभई स्वस्थ जीवनशैली र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्ने अवसरको रूपमा लिनुपर्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले नगरपालिकाले युवा तथा विद्यार्थीको चौतर्फी विकासका लागि विभिन्न गतिविधि सञ्चालन गर्दै आएको बताउँदै विद्यार्थीले पढाइसँगै खेलकुदलाई पनि प्राथमिकता दिनुपर्ने उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको खेलकुद गतिविधिबारे जानकारी दिँदै खेलकुदमा आफ्नो भविष्य खोजिरहेका विद्यार्थीका लागि नगरपालिकाले आयोजना गर्ने यस्ता प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले घोषणापत्रअनुसार नियमित रूपमा खेलकुद गतिविधि सञ्चालन गर्ने नगरपालिका भक्तपुर नगरपालिका मात्र रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले जस्तो भव्य रूपमा अन्यत्र खेलकुद प्रतियोगिता आयोजना भएको आफूलाई जानकारी नभएको उल्लेख गर्दै उहाँले जिल्ला तथा नगर सङ्घसंस्थालाई समेत खेलकुद क्षेत्रमा योगदान गर्ने अवसर प्राप्त भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले पनि बोल्नुभएको थियो । उद्घाटन समारोहमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ताई ची तथा जिम्न्यास्टिक खेलको प्रदर्शन गरिएको थियो ।

प्रतियोगिताको उद्घाटन समारोहमा खेलाडीको तर्फबाट पोर्टबल खेलाडी अभिषेक तामाङले शपथग्रहण गर्नुभएको थियो भने निर्णायकको तर्फबाट रेफ्री गणेशराम ग्वाछाले प्रतियोगितालाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न शपथग्रहण गर्नुभएको थियो ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन च्याली भक्तपुर नगरपालिका वडा नं. ९ स्थित दत्तात्रयबाट सुरु भई गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो र दूधपाटी हुँदै सहिद स्मृति खेल मैदानमा पुगेर समापन भएको थियो ।

नगर प्रमुख...

विश्वास व्यक्त गर्दै चिनियाँ पक्षले पनि भक्तपुरलाई विशेष महत्त्व दिइरहेको बताउनुभयो ।

नेपाल र चीनबिचको सम्बन्ध इतिहासभन्दा पुरानो रहेको उल्लेख गर्दै उहाँले दुवै देशले लामो समयदेखि मैत्रीपूर्ण सम्बन्धलाई निरन्तरता दिँदै आएको बताउनुभयो । सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणको क्रममा दुई देशबिच ऐतिहासिक तथा रणनीतिक सम्बन्ध स्थापना गर्ने सहमति भएको स्मरण गर्दै उहाँले त्यसयता दुवै देशका नेतृत्वबिच आर्थिक, राजनीतिक, सांस्कृतिक, पर्यटन तथा युवा आदानप्रदानका क्षेत्रमा व्यापक छलफल र सहकार्य हुँदै आएको बताउनुभयो ।

उहाँले वर्तमान अवस्थामा नेपाल-चीन सम्बन्ध स्वस्थ, स्थिर र राम्रो रहेको उल्लेख गर्दै कठिन परिस्थितिमा पनि दुवै देश एकअर्काको साथमा उभिँदै आएको बताउनुभयो । भूकम्प, कोरोना महामारी तथा भोटेकोसी बाढीजस्ता विपद्का समयमा दुवै देशले एकअर्कालाई सहयोग गरेको उहाँले बताउनुभयो ।

उहाँले रसुवाका बाढीपीडित जनतालाई राहत उपलब्ध गराउने, पुनर्निर्माणका कार्य अघि बढाउने तथा केरुङ नाका पुन: सञ्चालन गर्ने विषयमा थप छलफल भइरहेको जानकारी दिँदै चिनियाँ पक्षले आफ्नो क्षमताअनुसार नेपाललाई निरन्तर सहयोग र समर्थन गर्दै आएको बताउनुभयो ।

नेपाल र चीनबिचको सम्बन्ध केन्द्र सरकारमा मात्र सीमित नराखी स्थानीय तह र जनस्तरसम्म अझ बलियो तथा व्यापक बनाउनुपर्नेमा जोड दिँदै उहाँले पर्यटन, शिक्षा, स्वास्थ्य, संस्कृति र युवा आदानप्रदानलगायतका क्षेत्रमा सहकार्यका प्रशस्त सम्भावना रहेको बताउनुभयो ।

भक्तपुर नेपालको महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक सहर भएको उल्लेख गर्दै उहाँले तिब्बतका शान्नान र लसान सहरसँग जस्तै अन्य सहरसँग पनि मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्न चिनियाँ पक्ष इच्छुक रहेको बताउनुभयो । भक्तपुरको आर्थिक तथा सामाजिक विकास अझ उन्नत र समृद्ध होस् भन्ने शुभकामना उहाँले व्यक्ति गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले अध्यक्ष याङ वानमिङलाई मयुरको झ्याल र भक्तपुर नपाका प्रकाशनहरू प्रदान गर्नुभयो । भेटघाटपश्चात् प्रतिनिधिमण्डलले भक्तपुरका ऐतिहासिक, सांस्कृतिक तथा सम्पदास्थलहरू दरबार क्षेत्र, टौमढी र तालाक्वको अवलोकन भ्रमण गरेको थियो ।

भ्रमण टोलीमा चिनियाँ दूतावासको तर्फबाट मिनिस्टर काउन्सिलर चउन फान, चिनियाँ वैदेशिक जनमैत्री सङ्घका उपमहासचिव ची योङच्युन, एसियाली तथा अफ्रिकी मामिला विभागका महानिर्देशक लिउ फाङ र उपनिर्देशक आइ लिन, चिनियाँ वैदेशिक जनमैत्री सङ्घका सचिव चङ छन, कर्मचारी होउ मङवेइ, कोङ स्यु, चउ थाओलगायतको उपस्थिति रहेको थियो ।

कार्की...

मा जनसम्पर्क प्रधानकार्यालय 'क' र 'ख' भनेर दुईवटा निकाय बनाइयो । (क) ले आन्तरिक गुप्तचरीको काम र (ख) ले प्रतिजासुसी र बाह्य गुप्तचरी हेर्ने काम गर्न थाल्यो । तर, प्रजातन्त्र आएपछि नेताहरूले गुप्तचरी संस्थाप्रति बक्रदृष्टि राखेकै कारण यो फस्टाउन सकेन । खासगरी पञ्चायत कालको समयमा यो निकायले नेताहरूमाथि निगरानी बढाएको कारण यसको सुधारमा खासै ध्यान दिएको देखिँदैन । अन्तरिम सरकारले २०४७ सालमा नेपाल विशेष सेवा ऐनमा पहिलो संशोधन गरी राष्ट्रिय अनुसन्धान विभाग नामक संस्था खडा गऱ्यो । यहींबाट विदेशी गतिविधि हेर्न बेग्लै बनाइएको संस्थालाई त्यहीं तुहाइयो । त्यसपछि नेपालमा प्रतिजासुसी एकाइ कहिल्यै बन्न सकेन । राष्ट्रिय अनुसन्धान विभाग (एनआईडी) मा दर्खास्त दिएर राजनीतिक भर्ती हुने परम्परा सुरु भयो । दलका कार्यकर्ता भर्ना गर्ने स्थलको रूपमा यसको साख एकदमै गिर्न गयो । चुरोटको बट्टामा तोक लागेर भर्ना गरिएका राजनीतिक कार्यकर्तालाई पछि नेपाल प्रहरीमा समान पदमा सरुवा गरियो र प्रहरीको मोरल डाउन गरियो ।

देशभित्र मात्र होइन बाह्य जगत्ले पनि आफ्ना छिमेकीहरूमा र अन्य देशमा नयाँ प्रविधिको प्रयोग गरी जनमतलाई प्रभाव (Influence) गर्ने तथा अर्को देशको राजनैतिक जीवनमा प्रत्यक्ष वा परोक्ष प्रभाव पारिरहेका छन् । यसमा हामीमाथि पनि यस प्रकारको हस्तक्षेप प्रकट हुने गर्छ । आफ्नो प्रभाव र शक्ति परिचालन गरी नेपालको आन्तरिक विशेष गरी राजनैतिक मामलामा बेलाबखत असर परिरहेको देखिन्छ । कहिले सरकार बनाउने र ढाल्ने काममा पनि केही देशका गुप्तचर संस्थाहरू संलग्न रहेको तितो अनुभव छ । राजनीतिक दल फुटाएको र मिलाएको घटनाहरूमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका खेलेको व्यवहारबाट देखिन्छ । मुलुकको सुरक्षा संयन्त्र र प्रशासन तन्त्रमा पनि घुसपैठको प्रयास भएको हुनसक्छ । हाम्रोजस्तो तुलनात्मक हिसाबले पद्धति नबसिसकेको मुलुकमा त उनीहरू सहजै प्रवेश पाउन सक्छन् । साथै पत्रकार बौद्धिक वर्ग आदिलाई विभिन्न माध्यमबाट प्रभावमा पार्न लागिपरेका हुन्छन् । उनीहरूको अर्को स्वार्थ आफ्नो प्रतिस्पर्धी मुलुकहरूको गतिविधिको निगरानी गर्नुमा पनि केन्द्रित रहन्छ । बाह्य देशका विभिन्न जासुसी संस्थाहरू नेपालमा रहेका आफ्ना Agent मार्फत अर्को देशको जासुसीमा पनि सक्रिय रहेको विगतको अनुभवले देखाउँछ । यस्तो किन भइरहेको छ भने हाम्रो देशमा विदेशी जासुसको बारेमा केन्द्रित रहेर निगरानी गर्ने संस्था छैन ।

काठमाडौँ उपत्यकाभित्रका डाँडाहरूमा बनाइएका विशाल र आलिसान गुम्बाहरूको पनि नेपाल सरकारले राम्ररी अनुगमन गर्नुपर्ने देखिन्छ । साथै मदरसा तथा चर्चहरूमा आउने फन्ड र तीनका गतिविधिको Monitoring गर्न जरुरी छ । उक्त विषयले राष्ट्रिय सुरक्षामा निकै ठुलो असर पार्ने हुँदा मुलुकले आफ्नो गुप्तचरी क्षमता बढाउन तत्काल आवश्यक भइसकेको छ ।

भदौ २३ गते संसद् भवन परिसरमा घटेको घटनालाई अरु बढी उत्तेजित बनाउन Tibetan Origin Blood का मोटरसाइकल सवार युवाहरूको गतिविधिले नेपाललाई मात्र होइन चीनलाई पनि बढी सशङ्कित बनाएको छ । छिमेकी देशहरूविरुद्ध नेपालको भूमि प्रयोग भयो भने यसले नेपाललाई अप्ठेरो स्थिति सिर्जना गर्न सक्छ ।

नेपाल सरकारसँग विगतदेखि नै पटक-पटक विभागमा साइबर प्रविधि स्थापित गर्न नसकिएको अवस्था छ । डिजिटल System मा ट्र्याक गर्ने प्रविधि तथा उपकरण र त्यसको लागि चाहिने दक्ष जनशक्तिको अभावमा छ ।

खासगरी २०८२ भदौ २३ र २४ गतेको घटनाबाट NID को वास्तविक स्वरूप जनतासामु आएको छ । २३/२४ गते र त्यसपूर्वका गतिविधि NID ले ट्र्याक गर्न नसकेको देखिन्छ । यस घटनामा NID को गहिरो अध्ययनबिना सामान्य प्रकारको तर Superficial अध्ययनले २३ गते तीनदेखि पाँच हजार जति प्रदर्शनकारी उपस्थित हुन्छन् भन्ने अनुमानका आधारमा राष्ट्रिय सुरक्षा परिषद्देखि जिल्ला प्रशासन कार्यालयसमेतले रणनीति तयार गरी लागू गरेको देखिन्छ । त्यसै अनुरूप प्रहरी पनि परिचालन भएको देखिन्छ । तर, वास्तविकता भिन्न देखियो । NID लाई शान्ति सुरक्षाको अवस्था यो हदसम्म पुग्ला भन्ने सामान्य अनुमान पनि थिएन । २४ गतेको घटना र त्यसलाई विध्वंसको स्तरसम्म पुऱ्याउन प्रयोग भएका विभिन्न सामाजिक सञ्जाल र विध्वंसबारे कुनै ज्ञान थिए । जे थियो त्यो नगन्य थियो ।

सङ्क्षिप्त समाचार

वैकल्पिक लगानी कोष नियमावलीको मस्यौदा सार्वजनिक

काठमाडौँ, ३ मङ्सिर । नेपाल धितोपत्र बोर्ड (सेबोन)ले 'वैकल्पिक लगानी कोष नियमावली, २०८३' को मस्यौदा सार्वजनिक गरेको छ । बोर्डले यसअघि लागू रहेको विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लाई अन्तर्राष्ट्रिय अभ्यास अनुसार परिमार्जन गरी नयाँ नामसहित विस्तारित नियामकीय संरचना प्रस्ताव गरेको हो ।

मस्यौदाको मुख्य उद्देश्य नेपालमा 'प्राइभेट इक्विटी' तथा 'भेन्चर क्यापिटल'लगायत वैकल्पिक लगानी कोषलाई संस्थागत स्वरूप प्रदान गर्नु, निजी पुँजी परिचालन बढाउनु, लगानी व्यवस्थापन व्यवस्थित गर्नु तथा लगानीकर्ताको हित संरक्षण गर्नु रहेको छ । बैंक ऋण र सार्वजनिक पुँजी बजारबाट मात्रै उद्यमशीलता, स्टार्टअप, साना तथा मझौला व्यवसाय र प्रविधि विकासका लागि पर्याप्त स्रोत उपलब्ध नहुने अवस्थालाई ध्यानमा राख्दै दीर्घकालीन जोखिम वहन गर्न सक्ने निजी पुँजी परिचालनको माध्यम विकास गर्न खोजिएको बोर्डले जनाएको छ ।

सरकारको चालु आर्थिक वर्ष २०८३/८४ को बजेट, अर्थ मन्त्रालयको पुँजी बजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना, २०८३ र बोर्डको पुँजी बजार नीति कार्यान्वयनका क्रममा मस्यौदा तयार गरिएको बोर्डले जनाएको छ । निजी इक्विटी तथा भेन्चर क्यापिटलको पारिस्थितिक प्रणाली र नियामकीय सुधारसम्बन्धी अध्ययन सार्वजनिक गरिसकेको बोर्डले आर्थिक रूपान्तरण, उद्यमशीलता प्रवर्द्धन तथा पुँजी बजारको दिगो विकासका लागि दीर्घकालीन पुँजीको उपलब्धता बढाउने उद्देश्यले मस्यौदा सार्वजनिक गरेको हो ।

बोर्डले वैकल्पिक लगानी कोष नियमावली, २०८३ को मस्यौदामा सरोकार भएका निकायबाट सात दिनभित्र राय तथा सुझाव माग गरेको छ । सुझावका आधारमा मस्यौदालाई परिमार्जन गरी अन्तिम नियमावली तयार गर्ने प्रक्रिया अघि बढाइने बोर्डले जनाएको छ । ***(रासस)***

भैँसेमा सुमो दुर्घटना, तीन जनाको मृत्यु

हेटौँडा, ३ मङ्सिर । मकवानपुरको भैँसे नजिकै आज बिहान सुमो दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन् ।

रौतहटको चपुरबाट काठमाडौँतर्फ गइरहेको ना १ ज २१४३ नम्बरको सुमो भैँ से नजिकै सुन्दरीमाई मोडमा दुर्घटना हुँदा रौतहटको चन्द्रनिगाहपुर नगरपालिका-३ का ५० वर्षीय बमबहादुर वाइबा र सोही नगरपालिका-४ की २२ वर्षीया जेसिका तिमिल्सिनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख श्यामबहादुर खत्रीले राससलाई जानकारी दिनुभयो । अन्य एक मृतकको परिचय खुलेको छैन ।

दुर्घटनाग्रस्त सुमोमा चालकसहित १० जना सवार थिए । घाइते सात जनालाई हेटौँडा अस्पताल पुऱ्याइएको छ । ***(रासस)***

जुवातास खेलिरहेको अवस्थामा १२ जना पक्राउ

काठमाडौँ, ३ मङ्सिर । जुवातास खेलिरहेको अवस्थामा काठमाडौँ कलङ्कीबस्ने धादिङ घर भएका ४० वर्षीय अर्जुन ढुङ्गानासहित आठ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौँ महानगरपालिका-१४ कलङ्कीबाट उनीहरूलाई नगद ६१ हजार ३१० रूपैयाँ र पाँच बुक तासहित पक्राउ गरिएको हो ।

मोरङ, बेलबारी नगरपालिका-११ नलबारीस्थित बाँसघारीमा जुवा (कौडा) खेलिरहेको अवस्थामा कानेपोखरी गाउँपालिका-२ बस्ने ५१ वर्षीय खमानसिङ लिम्बु चार जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४५ हजार ८२५ रूपैयाँ र ११ थान कौडासहित पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ***(रासस)***

पूर्वमुख्यसचिव अर्यालविरुद्ध पक्राउ पुर्जी जारी

काठमाडौँ, ३ मङ्सिर । पूर्वमुख्यसचिव एकनारायण अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को प्रतिवेदनका आधारमा जिल्ला अदालतले मलेसियामा वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि भएको ठगी प्रकरणमा अर्यालविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो ।

अर्याल फरार रहेको बताइएको छ । मलेसिया ठगी प्रकरणमा सीआईबीले बुधबारमात्रै दुई पूर्वमन्त्रीसहित ६ जनालाई पक्राउ गरिसकेको छ । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय, श्रम मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, रोजगार व्यवस्थापन महाशाखाका तत्कालीन प्रमुखद्वय उमेश ढुङ्गाना र राजीव पोखरेल तथा तत्कालीन कानुन अधिकृत निर्मला गुरुङ पक्राउ परेका हुन् ।

त्यसअघि यो प्रकरणमा सीआईबीले चार जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका-१ का ४२ वर्षीय कैलाश खड्का, भक्तपुरको चाँगुनारायण नगरपालिका-९ का ४० वर्षीय रवीन्द्र केसी, गोरखा नगरपालिका-३ का ४२ वर्षीय प्रवीण तिवारी र सर्लाहीको मलङ्गवा नगरपालिका-४ का ४५ वर्षीय रामपुकार तिवारी छन् ।



कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन

जुम्लाको सदरमुकाम खलङ्गा बजारमा रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन । उक्त प्रतिष्ठानमा चिकित्सा शिक्षाअन्तर्गतका स्नातक र स्नातकोत्तर तहका विषय पढाइ हुने गरेको छ । *तस्बिरः विजय रावत/रासस*

नगरव्यापी विद्यालयस्तरीय फुटबल प्रतियोगिता सुरु

भक्तपुर, ३ मङ्सिर । भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत महेश्वरी खेलमैदानमा सञ्चालित फूटबल प्रतियोगिताको पहिलो दिन चार खेल सम्पन्न भए ।

पहिलो दिनको पहिलो खेलमा मेधा मावि र सरस्वती माविबिच पहिलो हाफमा गोल हुन सकेन । दोस्रो हाफमा मेधा माविका स्वीकार पोखरेलले एक गोल गरे भने सरस्वती माविका विजय बलले दुई तथा रेशम चौलागाईं र अर्जुन खड्काले एक-एक गोल गरे । यससँगै सरस्वती माविले ४-१ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा सरस्वती माविका जर्सी नं. ७ का विजय बल म्यान अफ द म्याच घोषित भए ।

दोस्रो खेलमा मिनर्वा इङ्लिस सेकेन्डरी स्कूल र बासु माविबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा मिनर्वाका प्रतीक कार्की र बासु माविका रमेश बिकले एक-एक गोल गरे । दोस्रो हाफमा थप गोल हुन नसकेपछि खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकर मा मिनर्वाका निशान श्रेष्ठ, अभिशेक मानन्धर, रोहिल ध्वजु, युवराज तामाङ, कोशिश तामाङ र इशक श्रेष्ठले एक-एक गोल गरे । त्यस्तै, बासु माविका प्रतीक बस्नेत, जीवन विष्ट, पुजल थापा, सुजन रोका र आशुतोष सुवेदीले एक-एक गोल गरे । यससँगै मिनर्वाले ६-५ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा मिनर्वाका निशान श्रेष्ठ म्यान अफ द म्याच घोषित भए ।

तेस्रो खेलमा राजश्री गुरुकुल र समता शिक्षा निकेतनबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा राजश्री गुरुकुलका इमोन डीसी र समता शिक्षा निकेतनका युनिक लामाले एक-एक गोल गरे । दोस्रो हाफमा राजश्रीका आरोग्य ढुङ्गानाले एक गोल गरे भने समताका युनिक लामाले पुन: एक गोल गरेपछि खेल बराबरीमा सकियो । टाइब्रेकरमा राजश्रीका इमोन डीसी, अनिश खतिवडा र शुभम भासिमाले एक-एक गोल गरे भने समताका युनिक लामा, कोशियन सुनुवार, मनिष तामाङ र रिदम मगरले एक-एक गोल गरे । यससँगै समता शिक्षा निकेतनले ४-३ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा समताका जर्सी नं. २ का युनिक लामा म्यान अफ द म्याच घोषित भए ।

चौथो खेलमा साइनिङ स्टुडेन्ट इङ्लिस सेकेन्डरी स्कूल र समाज सुधार माविबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा साइनिङका सन्देश जोशीले एक गोल गर्दै टोलीलाई अग्रता दिलाए । दोस्रो हाफमा जोशीले थप दुई गोल गरे । समाज सुधार माविका सुजन थापामगरले एक गोल गरे । यससँगै साइनिङले ३-१ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा साइनिङका जर्सी नं. ६ का सन्देश जोशी म्यान अफ द म्याच घोषित भए ।

प्रतियोगिताको दोस्रो दिन चार खेल सञ्चालन हुनेछन् । पहिलो खेल बाल विकास सेकेन्डरी स्कूल र सैनिक आवासीय माविबिच हुनेछ । दोस्रो खेल ख्वप्रिङ इङ्लिस एकेडेमी र प्रोक्सिमा इन्टरनेसनल इङ्लिस सेकेन्डरी स्कूलबिच हुनेछ । त्यसैगरी, तेस्रो खेल प्रभात इङ्लिस सेकेन्डरी स्कूल र वागीश्वरी माविबीच तथा चौथो खेल श्री पद्म मावि र अक्सफोर्ड प्राक्टिकल सेकेन्डरी स्कूलबिच हुनेछ ।

रुग्ण हुलाकको नागरिक सेवामुखी फड्को, अन्तर्राष्ट्रिय बजारमा पनि बढाउँदै छ उपस्थिति

- हेमन्त जोशी

काठमाडौँ, ३ मङ्सिर । सरकारले 'गभर्मेन्ट कुरियर' सेवा विस्तार तथा आधुनिकीकरणलाई तीव्रता दिएको छ ।

हुलाक सेवालाई आधुनिक, प्रभावकारी र नागरिकमैत्री बनाउँदै सरकारी कागजात तथा विभिन्न सामग्री घरदैलोमै पुऱ्याउने उद्देश्यले 'गभर्मेन्ट कुरियर' सेवा विस्तार गरिएको हो ।

विभागले राहदानी, नागरिकता प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र, स्वास्थ्य सामग्री, सिमकार्डलगायत सरकारी सामग्री घरमै पुऱ्याउने सेवासहित देशभर हुलाक सेवा सुधारका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

विभागले २०८२ चैत २३ गते सिराहाबाट सुरु गरेको घरदैलो सेवा वितरण कार्यक्रम हाल ७७ जिल्लामा विस्तार भएको छ ।

उक्त सेवामार्फत नागरिकले सरकारी कागजात तथा विभिन्न सामग्री हुलाकमार्फत घरमै प्राप्त गर्न थालेका छन् ।

विभागको २०८३ मङ्सिर २ गतेसम्मको विवरणअनुसार सरकारी कुरियर सेवामार्फत विभिन्न सरकारी कागजात तथा सामग्रीको ढुवानी र वितरणमा उल्लेख्य प्रगति देखिएको छ ।

राहदानी वितरणतर्फ जिल्ला प्रशासन कार्यालयसम्म तीन लाख ७० हजार ९२५ राहदानी ढुवानी गरिएको छ भने १२ हजार ४३३ राहदानी हुलाकमार्फत व्यक्तिको घर-घरमा पुऱ्याइएको छ ।

सवारी चालक अनुमतिपत्र वितरणका लागि हालसम्म १३ लाख ५३ हजार ९० वटा अनुमतिपत्र सम्बन्धित यातायात कार्यालय र एक हजार १०६ वटा अनुमतिपत्र सेवाग्राहीको घरमै पुऱ्याइएको छ ।

शैक्षिक प्रमाणपत्रतर्फ २६५ वटा प्रमाणपत्र ढुवानी तथा वितरण गरिएको छ ।

त्यस्तै, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका एक हजार ७२९ वटा नमूना ढुवानी गरिएको छ । स्वास्थ्य बीमा बोर्डसँग सम्झौता भएका १८ वटा अस्पतालका लागि १७१ बोरा स्वास्थ्य सामग्री ढुवानी गरिएको विभागले जनाएको छ ।

नेपाल टेलिकमका सिमकार्ड तथा अन्य सामग्रीतर्फ २२१ वटा सम्बन्धित कार्यालयसम्म ढुवानी गरिएको र ४४ वटा सिमकार्ड व्यक्तिको घरसम्मै वितरण भएको छ ।

त्यस्तै, राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका ४४ हजार १८५ थान सामग्री ढुवानी गरिएको छ ।

विभागका महानिर्देशक मनमाया भट्टराई पँ गेनीका अनुसार हुलाक सेवाको प्रभावकारिता र पहुँच क्रमश: बढ्दै गएको बताउनुभयो ।

"युनिभर्सल पोस्टल युनियनको मूल्याङ्कनमा नेपालको अङ्क बढ्नु हुलाक सेवामा भइरहेको सुधारको सकारात्मक सङ्केत हो," उहाँले राससँग भन्नुभयो, "केही समय अघिसम्म रुग्ण अवस्थामा रहेको हुलाक अब उठ्छ र एउटा गतिमा जान्छ भन्ने आत्मविश्वास पलाएको छ ।"

यद्यपि, सीमित स्रोतसाधन, बजेट अभाव र प्राविधिक जनशक्तिको कमी जस्ता चुनौती अझै कायम रहेको महानिर्देशक पँगेनीले बताउनुभयो ।

। सम्पादकीय ।

चीनमा एपेकको शिखर सम्मेलन र अपेक्षा

सन् १९८९ नोभेम्बरमा अस्ट्रेलियाको राजधानी क्यानबेरामा पहिलो मन्त्रीस्तरीय बैठक भएर एसिया प्रशान्त क्षेत्रको आर्थिक सहयोग (APEC) सुरु भएको हो। स्थापनाको बेला अस्ट्रेलिया, अमेरिका, क्यानडा, जापान, दक्षिण कोरिया, न्युजिल्यान्ड र एसियाका ६ देश - ब्रुनाई, इन्डोनेसिया, मलेसिया, फिलिपिन्स, सिङ्गापुर, थाइल्यान्ड एपेकका सदस्य थिए। एपेकमा चीन, हङकङ, चाइनिज ताइपेइ, मेक्सिको, पेरु, रुस, भियतनाम थपिएर सदस्य देश २१ पुग्यो। सन् १९९१ को नोभेम्बरमा दक्षिण कोरियामा भएको एपेकको तेस्रो मन्त्रीस्तरीय बैठकमा चीन, हङकङ र चाइनिज ताइपेइलाई सदस्य बनाइए पनि चीन एउटालाई मात्र सार्वभौम देशको रूपमा सदस्यता दिइएको थियो। हङकङ र चाइनिज ताइपेइलाई चीनकै अङ्ग मानेर क्षेत्रीय अर्थतन्त्रको रूपमा रहने व्यवस्था गरिएको छ। सन् १९९७ जुलाई १ मा बेलायतबाट हङकङ चीनमा फिर्ता भएपछि यसको नाम परिवर्तन गरेर चीनको हङकङ राखी चीनकै विशेष प्रशासनिक क्षेत्रका रूपमा एपेकमा राख्न अनुमति दिइयो।

एपेकको पहिलो शिखर सम्मेलन सन् १९९३ को नोभेम्बरमा संरा अमेरिकाको सियाटल नजिकै रहेको ब्लेक आइल्यान्डमा भएको थियो। सन् १९९४ मा इन्डोनेसियाको बोगोर, जापानको ओसाका (सन् १९९५), फिलिपिन्सको सुविक (सन् १९९६), क्यानडाको भ्यानकुभर (सन् १९९७), मलेसियाको क्वालालम्पुर (सन् १९९८), न्युजिल्यान्डको अकल्यान्ड (सन् १९९९), ब्रुनाईको बन्दरसेरी बेगवान (सन् २०००), चीनको साङ्घाई (सन् २००१) मा एपेक शिखर सम्मेलन भयो।

एपेक शिखर सम्मेलन सन् २००२ मा मेक्सिकोको काबो, सन् २००३ मा थाइल्यान्डको बैङ्कक, सन् २००४ मा चिलीको सान्टियागो, सन् २००५ मा दक्षिण कोरियाको बुसान, सन् २००६ मा भियतनामको हनोई, सन् २००७ मा अस्ट्रेलियाको सिड्नी, सन् २००८ मा पेरुको लिमा, सन् २००९ मा सिङ्गापुर, सन् २०१० मा जापानको योकोहामा, सन् २०११ मा संरा अमेरिकाको होनोलुलु, सन् २०१२ मा रुसको भ्लादिभोस्तोक, सन् २०१३ मा इन्डोनेसियाको बाली, सन् २०१४ मा चीनको पेइचिङ, सन् २०१५ मा फिलिपिन्सको मनिला, सन् २०१६ मा पेरुको लिमा, सन् २०१७ मा भियतनामको हा नाङ, सन् २०१८ मा पपुवा न्युगिनीको पोर्ट मोर्सबी, (सन् २०१९ मा चिलीको सान्टियागोमा हुने शिखर सम्मेलन आन्तरिक कारण नभएको), (सन् २०२० मा मलेसियाको क्वालालम्पुरमा हुने शिखर सम्मेलन कोभिडको कारण नभएको), सन् २०२२ मा थाइलैन्डको बैङ्कक, सन् २०२३ मा संरा अमेरिकाको सान फ्रान्सिस्कोमा, सन् २०२४ मा पेरुको लिमामा, सन् २०२५ मा दक्षिण कोरियाको ग्योङगजुमा र सन् २०२६ को ३३ औँ शिखर सम्मेलन चीनको सेन्चेनमा भयो। यो सम्मेलन क्वाड तोडको सेन्चेन विशेष आर्थिक क्षेत्रमा भयो।

यो सम्मेलनमा सहभागी हुन आएका संरा अमेरिकी राष्ट्रपति ट्रम्प, रुसका राष्ट्रपति पुटिन र चीनका राष्ट्रपति सी चीनफिडसहित तीन नेताको भेट पनि भयो। यो भेटको मुख्य उद्देश्य विश्वमा सीधा सैन्य टकराब हुन नदिने र आणविक जोखिम नियन्त्रण गर्ने हो। यतिबेला संरा अमेरिकाले इजरायलसँग मिलेर प्यालेस्टिनमा नरसंहार गरेको, इरानमा बमबारी गरेको र युक्रेनसँग मिलेर रुसविरुद्ध छद्मयुद्ध गरेको हुँदा विश्वकै आर्थिक स्थिति र शान्तिको अवस्था खल्बलियो। संरा अमेरिकी सरकार विनाशकारी हतियार उत्पादन र बिक्रीमा लागेको हुँदा यो त्रिपक्षीय वार्ताको निर्णयअनुसार विश्वमा शान्ति कायम हुने अपेक्षा मात्र गर्न सकिन्छ, विश्वास गर्ने ठाउँ छैन। संसारका कतिपय नेताहरूले संरा अमेरिकी सरकारलाई 'युद्धको व्यापारी' भएको आरोप लगाएको पनि पुरानो भयो। यो त्रिपक्षीय भेट कुनै गठबन्धन नभएको पनि बाहिरिएको सकारात्मक हो।

संरा अमेरिकी राष्ट्रपति ट्रम्पले चीन र नेता सीलाई महान् देश र महान् नेता भएको उल्लेख गरे। चिनियाँ नेता सीले संरा अमेरिकी राष्ट्रपति ट्रम्पलाई विमानसम्म पुगेर यसपटक स्वागत गरे। त्यस्तै रुसी राष्ट्रपति पुटिनलाई चिनियाँ कम्युनिस्ट पार्टीको पोलिटब्युरो स्थायी समितिका सदस्य एवं वरिष्ठ सेनाध्यक्ष काइ छीले स्वागत गरे। संयुक्त राष्ट्र सङ्घलगायत विश्वका संस्थाहरू मानव जातिको सभ्यता संरक्षण र विकास, गरिबी उन्मूलन, युद्धको विरोध र शान्तिको पक्षमा लाग्नु जरुरी छ।

नेपाल र चीनबिचको सम्बन्ध अझ प्रगाढ बन्दै जानेछ

जनवादी गणतन्त्र चीनको चिनियाँ वैदेशिक मैत्री सङ्घका अध्यक्ष याङ वान मिङ र प्रतिनिधिमण्डलका सदस्य तथा चिनियाँ राजदूतावासबाट पाल्नुभएका प्रतिनिधिहरू सबैलाई सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत गर्दछौं।

भक्तपुर कला र संस्कृतिले भरिएको नगर हो। यहाँ मूर्त र अमूर्त थुप्रै सम्पदाहरू जीवन्त छन्। भक्तपुर नगरपालिकाले सम्पदाहरूलाई प्राथमिकतामा राखेर संरक्षण गर्दै आएको छ। विश्व सम्पदामा सूचिकृत दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र यहाँका प्रसिद्ध ठाउँहरू हुन्। देशकै सबैभन्दा अग्लो पाँचतले मन्दिर, ५५ झ्याल दरबार, सुन ढोका, दत्तात्रय मन्दिर यहाँका वास्तुकलाका अनुपम नमुनाहरू हुन्।

क्षेत्रफलको आधारमा भक्तपुर देशको सानो नगरमध्ये एक हो। यहाँ कुल जनसङ्ख्या ८० हजार छ। कृषि, जुजु धौ, ताइचिन च्युरा, हाकुपटासी, भादगाउँले टोपी, माटाका भाँडाहरू र काष्ठकला तथा ढुङ्गा निर्मित सामानलगायत घरेलु उत्पादनहरू नै यहाँका प्रमुख उत्पादनहरू हुन्।

भक्तपुर नगरपालिकामा ९२ वटा विद्यालयहरू छन्। नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै छ। कलेजहरू सञ्चालन गर्ने भक्तपुर नगरपालिका नेपालको एक मात्र नगरपालिका हो। अहिले विश्वविद्यालय सञ्चालन गर्ने तयारी गर्दै छ।

भक्तपुर नगरपालिकामा क्यान्सर अस्पताल, धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर अस्पताल र ख्वप अस्पताल गरी ४ वटा सरकारी अस्पतालहरूले स्वास्थ्य सेवा प्रदान गर्दै छन्। नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल र विभिन्न वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालन तथा घरदैलो नर्सिङ सेवामार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

भक्तपुर नगरपालिका र चीनको सिचाङ स्वशासित क्षेत्रअन्तर्गतको शान्नान नगरपालिकाबिच भगिनी सम्बन्ध छ। गत वर्ष २०८२ असोज ४ गते भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको नेतृत्वमा एक प्रतिनिधिमण्डलले शान्नान भ्रमण गऱ्यो। सो क्रममा भक्तपुर नगरपालिका र शान्नान नपाबिचको भगिनी सम्बन्ध नवीकरण गऱ्यो। दुई नगरपालिकाबिच भ्रमण टोलीको आदानप्रदान हुँदै छ। त्यसैगरी, चीनको सछ्वान प्रान्तको लशान नगरपालिकासँग पनि भक्तपुर नगरपालिकाको मैत्रीपूर्ण सम्बन्ध छ।

नेपाल चीनबिचको सम्बन्ध इतिहास जत्तिकै पुरानो छ। सातौँ शताब्दीमा तिब्बतका राजा स्रङचङ गम्पोसँग नेपाली चेली भृकुटीको विवाह र तेह्रौँ शताब्दीमा नेपालका प्रसिद्ध कलाकार अरनिकोले तिब्बत र पेइचिङमा निर्माण गरेका कलाकृतिहरूले दुई देशबिचको मित्रताका इतिहास बताउँदै छन्। सन् १९५५ मा नेपाल चीन दौत्य सम्बन्ध स्थापनापछि चीनले नेपालको आर्थिक विकासको लागि सडक पूर्वाधार निर्माण, विभिन्न उद्योगधन्धाहरू स्थापना र ट्रलिबस सञ्चालन गरेको जस्ता सहयोग नेपाली जनताले बिर्सेका छैनन्।

२०७२ सालको विनाशकारी भूकम्पको बेला र कोभिड महामारीको गम्भीर अवस्थामा चीनले नेपाललाई गरेको सहयोग नेपाली जनताले बिर्सेका छैनन्। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई शान्नान नगरपालिकाले कोभिडको महामारीको बेला विभिन्न स्वास्थ्य सामग्रीहरू सहयोग गरेर गुण लगाएर एक असल छिमेकीको उदाहरण प्रस्तुत गऱ्यो।

भक्तपुर नगरपालिका पर्यटकीय गन्तव्य बन्दै छ। नेपाल आउने पर्यटकहरूमध्ये करिब ३० प्रतिशत पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गर्छन्। चिनियाँ पर्यटकहरूको सङ्ख्या भक्तपुर आउने विदेशी पर्यटकहरूमा दोस्रोमा पर्छ। वार्षिक ३६ हजारभन्दा बढी चिनियाँ पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गरेका छन्। पर्यटन प्रवर्द्धन, सम्पदा संरक्षण तथा आर्थिक विकासका अनुभवहरू आदानप्रदानका लागि भक्तपुर नगरपालिका चीनका विभिन्न नगरहरूसँग सम्बन्ध बढाउन चाहन्छ। त्यसको लागि चिनियाँ मैत्री सङ्घको तर्फबाट आवश्यक सहयोग प्राप्त हुने आशा गर्दछौं।

नेपाल मजदुर किसान पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबिच राम्रो सम्बन्ध छ। हामी नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरू हौं। नेपाल मजदुर किसान पार्टी मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अङ्गीकार गर्दै आएको पार्टी हो। यस पार्टीको नेतृत्व नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) ले गर्दै आउनुभएको छ। जनताको सेवा नै राजनीति हो भन्ने मार्गनिर्देश गर्दै आउनुभएका उहाँले 'सय वर्षपछिको भक्तपुर' पुस्तक लेखेर भक्तपुरको भविष्यको रूपरेखा कोर्नुभएको छ। उहाँले हामीलाई मार्गनिर्देश गरिरहनुभएको छ।



सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

चिनियाँ कम्युनिस्ट पार्टी र सरकारका महत्त्वपूर्ण नेता र सरकारी पदाधिकारीहरूले भक्तपुरलाई प्राथमिकतामा राखेर नेपाल भ्रमणको क्रममा भक्तपुरको पनि भ्रमण गर्ने गर्नुभएको छ। चीनको राष्ट्रिय जनकङ्ग्रेसका अध्यक्ष ली चानसुले २०७९ सालमा, चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य युआन चियाच्युनले २०८० सालमा, चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभाग प्रमुख लिउ चिएनछाओले २०७९ मा, विदेशमन्त्री वाङ यीले २०७६ सालमा भक्तपुर भ्रमण गर्नुभएको थियो। पोलिटब्युरो सदस्य युआन चियाच्युन र विदेश विभाग प्रमुख लिउ चिएनछाओले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग भेटघाट गरी दुई पार्टीबिच सम्बन्ध विस्तारलगायतका विषयमा छलफल गर्नुभएको थियो। त्यसका अलावा चीनका विभिन्न विश्वविद्यालय, नगरपालिका र विभिन्न प्रान्तका प्रतिनिधिमण्डलले पनि बराबर भक्तपुरको भ्रमण गर्नुभएकोमा हामी खुसी छौं। ती सबै विवरणहरू सङ्कलन गरी 'चिनियाँ मित्रहरू भक्तपुरमा' पुस्तक प्रकाशित गरेका छौं।

अन्त्यमा, नेपाल र चीनबिचको सम्बन्ध अझ प्रगाढ बन्दै जाने विश्वास गर्छौं। चिनियाँ प्रतिनिधिमण्डललाई पुनः स्वागत गर्दै आगामी दिनमा चीनका विभिन्न पालिकाहरूसित भक्तपुर नगरपालिकाको सम्बन्ध विस्तार हुँदै जाने विश्वास गर्छौं।

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जनवादी गणतन्त्र चीनको चिनियाँ वैदेशिक मैत्री सङ्घका अध्यक्ष याङ्ड वानमिङको शिष्टाचार भेटघाट कार्यक्रममा नगर प्रमुख प्रजापतिद्वारा व्यक्त मन्तव्य)

प्रधानमन्त्रीको भारत भ्रमण: अपेक्षा, अवसर र चुनौती

आरपी गैरे,

प्रधानमन्त्री बालेन्द्र शाह मङ्सिर ६ गतेदेखि भारतको दुईदिने औपचारिक भ्रमणमा निस्कदै छन्। नेपाल र भारतबिचको ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको यो भ्रमण सामान्य कूटनीतिक कार्यक्रम मात्र होइन, नेपालको आगामी विकास यात्रा र छिमेकीसँगको सम्बन्धको दिशा निर्धारण गर्ने महत्त्वपूर्ण अवसर पनि हो। लामो समयदेखि नेपाल-भारत सम्बन्धमा देखिएका विश्वासका प्रश्न, आर्थिक निर्भरता, पूर्वाधार विकास, व्यापार असन्तुलन, पारवहन, सीमा विवाद तथा जलस्रोतको उपयोगजस्ता विषय अझै पूर्ण रूपमा समाधान हुन सकेका छैनन्। त्यसैले प्रधानमन्त्री शाहको भ्रमणले औपचारिक भेटघाट र सद्भावका अभिव्यक्तिभन्दा माथि उठेर ठोस परिणाम दिन सक्नुपर्छ भन्ने आम अपेक्षा छ।

नेपाल र भारतबिचको सम्बन्धलाई दुई देशका सरकारबिचको राजनीतिक सम्बन्धका रूपमा बुझ्नु पर्याप्त हुँदैन। यी दुई देशबिचको सम्बन्ध भूगोलले जोडेको मात्र होइन, इतिहास, सभ्यता, संस्कृति, धर्म, भाषा, पारिवारिक सम्बन्ध र जनस्तरको आत्मीयताले पनि गहिरो बनाएको छ। सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको दैनिक जीवनदेखि व्यापार, रोजगारी, शिक्षा, स्वास्थ्य उपचार, धार्मिक यात्रा र सामाजिक सम्बन्धसम्म भारतसँग नेपालको निकटता प्रत्यक्ष रूपमा जोडिएको छ। तर, निकटता र ऐतिहासिक सम्बन्धको चर्चा गरिरहँदा बदलिँदो समयअनुसार सम्बन्धलाई थप व्यवस्थित, सम्मानजनक र परिणाममुखी बनाउनु पनि उत्तिकै आवश्यक छ। मित्रता भावनामा टिकेर दीर्घकालीन हुनसक्दैन, त्यसको लागि समान सम्मान, पारस्परिक विश्वास, राष्ट्रिय हितको स्वीकार्यता र व्यवहारमा देखिने सहकार्य अनिवार्य हुन्छ।

प्रधानमन्त्री शाहको भारत भ्रमणले नेपालले छिमेकी सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको सन्देश दिनेछ। प्रधानमन्त्रीको पहिलो द्विपक्षीय विदेश भ्रमण भारतबाट हुनु आफैंमा महत्त्वपूर्ण कूटनीतिक सङ्केत हो। यसले नेपाल भारतसँगको सम्बन्धलाई बेवास्ता गर्न चाहँदैन, बरु समयानुकूल सुधार गर्दै आर्थिक विकास, पूर्वाधार निर्माण र क्षेत्रीय सहकार्यका नयाँ सम्भावना खोज्न चाहन्छ भन्ने देखाउँछ। यद्यपि, नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर कूटनीतिक संवाद अगाडि बढाउनु आवश्यक छ। भारतसँगको सम्बन्ध सुमधुर बनाउने नाममा नेपालको आवश्यकता र प्राथमिकता कमजोर हुनु हुँदैन, त्यस्तै राष्ट्रिय स्वाभिमानको नाममा सहकार्यका सम्भावित ढोका बन्द गर्ने प्रवृत्ति पनि उचित होइन। परिपक्व कूटनीति भनेको आफ्नो हित स्पष्ट राख्दै अर्को पक्षको हित र संवेदनशीलतालाई पनि सम्मान गर्ने क्षमता हो।

नेपालले विगतमा विभिन्न मुलुक र निकायबाट सहयोग प्राप्त गर्दै आएको छ। तर, कतिपय आयोजना समयमै सम्पन्न नहुने, लागत बढ्दै जाने, कार्यान्वयनमा ढिलाइ हुने र अपेक्षित प्रतिफल प्राप्त नहुने समस्या पनि देखिँदै आएका छन्। त्यसैले भारतसँग सहयोग माग्दा परियोजनाको प्राथमिकता, सम्भाव्यता अध्ययन, कार्यान्वयनको समयसीमा, अनुगमन र जवाफदेहितालाई स्पष्ट पार्नुपर्छ। ऋणको भार बढाउनेभन्दा अनुदान र सहुलियतपूर्ण ऋणको सन्तुलित उपयोग गर्नुपर्छ। विकास परियोजना राजनीतिक प्रचारको माध्यम नभई जनताको जीवनस्तर सुधार गर्ने साधन बन्नुपर्छ। भारतले पनि नेपालको विकास आवश्यकतालाई सहयोगको विषयका रूपमा नभई दुवै देशको आर्थिक हित जोडिएको साझेदारीका रूपमा हेर्न सके सम्बन्ध अझ बलियो हुनेछ।

नेपालले बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तिबाट प्रभावित क्षेत्रमा पुनर्निर्माणलाई प्राथमिकता दिनु स्वाभाविक हो। रसुवा-भोटेकोसी क्षेत्रमा क्षतिग्रस्त सडक, पुल, बस्ती र अन्य पूर्वाधार पुनर्निर्माण गर्न पर्याप्त स्रोत आवश्यक छ। विपत्तिपछि पुनर्निर्माण भौतिक संरचना निर्माणमा सीमित हुनु हुँदैन। जोखिम न्यूनीकरण, सुरक्षित बस्ती विकास, वातावरणीय संरक्षण, विपद् पूर्वसूचना प्रणाली र भविष्यमा हुन सक्ने क्षति न्यूनीकरण गर्ने योजनासमेत समेटिनुपर्छ। भारतसँगको सहयोग यस्तो दीर्घकालीन योजनामा जोडिन सके त्यसले नेपालको पुनर्निर्माण अभियानलाई वास्तविक अर्थमा सहयोग पुऱ्याउनेछ।

हवाई र सडक सम्पर्क विस्तारले आर्थिक सम्भावनाको ढोका खोल्नुपर्छ

नेपालको आर्थिक विकासमा पूर्वाधार र कनेक्टिभिटी सबैभन्दा महत्त्वपूर्ण आधार हुन्। सडक, हवाई मार्ग, रेलमार्ग, ऊर्जा प्रसारण र व्यापारिक नाकाहरू व्यवस्थित हुन नसके देशले आफ्नो भौगोलिक अवस्थाबाट पर्याप्त आर्थिक लाभ लिन सक्दैन। नेपाल भूपरिवेष्ठित मुलुक भएकाले अन्तर्राष्ट्रिय व्यापार, पर्यटन र पारवहनका लागि छिमेकीसँगको सम्पर्क विस्तार अपरिहार्य छ। भारतसँगको सम्बन्धमा हवाई मार्ग र सडक पूर्वाधारको विषय नेपालको दीर्घकालीन आर्थिक हितसँग प्रत्यक्ष जोडिएको छ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि नेपालले अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार गर्ने अपेक्षा गरेको थियो। तर, यी विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन, यात्रु सङ्ख्या वृद्धि र पर्यटन प्रवर्द्धनका लागि विभिन्न चुनौती कायम छन्। हवाई प्रवेश मार्गको विस्तारले विदेशी पर्यटकको आगमन सहज बनाउने, उडान दूरी र समय घटाउने तथा विमानस्थललाई व्यावसायिक रूपमा सक्षम बनाउने सम्भावना रहन्छ। यसले नेपालको पर्यटन उद्योग, होटल व्यवसाय, ट्राभल कम्पनी, स्थानीय उत्पादन र रोजगारीमा समेत सकारात्मक प्रभाव पार्न सक्छ।

नेपालको पर्यटन सम्भावना हिमाल र पदयात्रामा सीमित छैन। धार्मिक

बाँकी पृष्ठ ७ मा

सन् १९१७ को मजदुर क्रान्ति - ११

✍ नारायणमान बिजुक्छें (रोहित)

विदेशी हस्तक्षेप र गृहयुद्ध

जर्मनीसँग शान्ति सन्धिले गर्दा मित्र राष्ट्रहरू (बेलायत र फ्रान्स) तर्से । पहिलो, त्यसले जर्मनीको स्थिति बलियो हुन्थ्यो । दोस्रो, पुँजीवादी देशका मजदुरवर्गले पनि रुसको मजदुरवर्गकै उदाहरण लिएर आफ्नो बन्दुक आफ्नै देशको शोषकवर्गतिर फर्काइदिन्थ्यो । यसकारण, सन् १९१८ को मध्यमा बेलायत र फ्रान्सले रुसको उत्तरमा पर्ने अर्चान्गेल (Archangle) र मुरमान्स्क (Murmansk) भन्ने ठाउँ कब्जा गरेर स्थानीय जालीफटाहाहरूको 'श्वेत रक्षक' को विद्रोह सञ्चालन गरे र 'उत्तरी रुसी सरकार' भन्ने एक नक्कली सरकार गठन गरे ।

जापानले पूर्वबाट भ्लादिभोस्तक र समुद्री तट क्षेत्र कब्जा गऱ्यो र स्थानीय श्वेत रक्षक विद्रोहीहरूमार्फत एक कठपुतली सरकार बनायो । बेलायत र फ्रान्स मिलेर रुसको दक्षिणी भाग र उत्तर ककेसियामा प्रतिक्रियावादी जनरल कोर्निलोभ, एलेक्सिएभ र देनिकिन मिलाएर 'स्वयम्सेवक दल' बनाउन दिए । सोभियतहरूको विरोधमा यो शोषकवर्गको विद्रोह थियो ।

जर्मनीको गुप्त मद्दतबाट जनरल क्रासनोभ र मामोन्तोभले दोन नदीको किनारमा क्रान्तिविरोधी गतिविधि सुरु गरे । अस्ट्रिया र हङ्गेरीका बन्दी बनाइएको फौज पूर्वबाट पश्चिम फर्किरहेको थियो । मध्य साइबेरिया पुग्दा बेलायत र फ्रान्सले तिनीहरूलाई विद्रोह गराएर भोल्गा प्रदेशको सामारा र साइबेरियाको ओमास्तकमा विश्वासघाती सरकार बनाउन दियो ।

जर्मन साम्राज्यवादीहरूले क्रान्तिविरोधी राष्ट्रिय सरकारलाई सघाएर तिफलिस र बाकु हत्याउन दिए । त्यसले सोभियतको अन्न, कच्चा माल र बाल्ने वस्तुको स्रोत पनि थुनिदियो । मासु र रोटीको कमीले मजदुरहरू भोकै मर्न थाले । कलकारखाना बन्द भयो । पार्टीले 'समाजवादी मातृभूमि खतरामा छ' र सबै कुरा लडाइँको निम्ति भन्ने नारा दियो । लाखौँ मजदुर, किसान र युवा लालसेनामा भर्ना भए ।

लामो युद्धले गर्दा जर्मन सेनामा विद्रोह भयो । नोभेम्बर १९१८ मा जर्मनीमा क्रान्ति भयो । विलहेल्म (Wilhelm) र उसको सरकार उल्टियो । पहिलो स्तरको शक्तिशाली जर्मनी अब दोस्रो तहमा खस्यो ।

युरोपमा क्रान्तिकारी छाल बढ्दै गयो । अस्ट्रियामा क्रान्तिकारी आन्दोलन सुरु भयो । हङ्गेरीमा सोभियत गणतन्त्र स्थापना भयो ।

भूमिहीन किसानलाई लालपुर्जा वितरण गर्दै बोल्शेभिक कार्यकर्ता

युरोपको विभिन्न देशमा कम्युनिस्ट पार्टी अगाडि आए । बोल्शेभिक पार्टी र लेनिनले तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रिय स्थापना गर्ने निर्णय गर्नुभयो ।

सन् १९१९ मार्चमा मस्कोमा तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको पहिलो महाधिवेशन भयो । त्यसमा युरोप र अमेरिकाबाट समेत गरी ३०१ प्रतिनिधि सामेल भए । त्रोत्स्कीको खोटो नीतिले गर्दा रुसले युद्ध हार्दै थियो । पछि स्तालिन र भोरोसिलोभजस्ता नेताको अगुवाइमा सशस्त्र मजदुर दलमार्फत रुसले एकपछि अर्को विजय पाउँदै गयो । ३ वर्षको भयङ्कर सङ्घर्षपछि बेलायत, फ्रान्स, जापान र अमेरिकाको संयुक्त आक्रमण एवम् घरेलु विश्वासघातीहरूको विद्रोह ध्वस्त भयो । लालसेना बढेर दसौँ लाख पुग्यो; परिपक्व पनि हुँदै गयो ।

सोभियत हुकुमले गरेका कार्यहरू

१) सोभियत हुकुमले सबभन्दा पहिले जारतन्त्रको जरै उखेल्यो । जारतन्त्रकै पदचिहनमा लाग्ने र पुँजीपतिवर्गको हितलाई बढी ध्यान दिने अस्थायी सरकारको हुकुमलाई क्रान्तिबाट विकास भएको स्थानीय वर्गीय र राष्ट्रिय स्तरका जनताका प्रतिनिधिहरूको सभा वा परिषद् सोभियतहरूलाई सुम्पने काम गऱ्यो । यसलाई एक किसिमको राज्य शक्तिको विकेन्द्रीकरण भन्न सकिन्छ ।

२) बिनामुआब्जा (क्षतिपूर्ति) राजा-रजौटा, सामन्त, गुठी र जमिनदारहरूको जग्गाको स्वामित्वलाई समाप्त गऱ्यो ।

३) तेल, कोइला, धातु र अन्य खानीहरू, जङ्गल र पोखरीमा भएको व्यक्तिगत स्वामित्वलाई खारेज गऱ्यो ।

४) पुँजीपतिवर्गको उद्योगधन्दा (कर-कारखाना), बैङ्क, रेल बाटो, विदेश व्यापार र खानीहरू राष्ट्रियकरण गऱ्यो ।

५) जार सरकारले लिएको सबै विदेशी ऋण नतिर्ने र विदेशी पुँजीलाई राष्ट्रियकरण गर्ने घोषणा गऱ्यो ।

६) सारा रुसी जनता युद्धबाट बर्बाद भइरहेका थिए । जर्मनीसँग शान्ति सम्झौता गऱ्यो ।

७) रोटीको प्रश्न रुसी जनताको प्रश्न थियो । सोभियत सरकारले कालोबजारिया र कुलाकहरूलाई दबाएर देश र मजदुरवर्गलाई अकालबाट जोगायो ।

८) राज्य र स्कूललाई धर्मबाट अलग गरिदियो ।

९) जार र पुँजीपतिवर्गले चलाइआएको शासनयन्त्र (मन्त्रालय र कार्यालयहरू) लाई फेरेर नयाँ बनायो ।

१०) पुरानो प्रतिक्रियावादी सेनाको ठाउँमा मजदुर र किसानहरूको नयाँ लालसेना निर्माण गऱ्यो ।

११) पार्टीभित्र र बाहिरका खोटा सिद्धान्त तथा राजनीतिक प्रहारहरूलाई उचित उत्तर दिँदै शोषकवर्ग र साम्राज्यवादी शक्तिहरूलाई सघाउने 'दक्षिणपन्थी' एवम् 'वामपन्थी' विरामहरूलाई मर्मान्तक चोट पुऱ्यायो ।

१२) एउटै देशमा पनि समाजवाद कायम हुनसक्छ र पूर्वले पश्चिमलाई पनि समाजवादको बाटो देखाउन सक्छ भन्ने सिद्धान्त अगाडि सार्‍यो ।

१३) थिचिएका र पिल्सिएका विभिन्न जाति तथा स्वास्नीमान्छेहरूलाई समानताको अधिकार दियो ।

अक्टोबर क्रान्तिका सफलताका कारणहरू

१) मजदुरवर्गको एक राजनीतिक पार्टी नरहनु; मजदुर पार्टीहरूको एउटै केन्द्र नहुनु; सहरका स-साना पुँजीपतिवर्ग र गाउँका किसानहरूलाई सङ्गठित गरी क्रान्तिमा सामेल गराउन नसक्नु; सैद्धान्तिक, राजनीतिक र अनेक रणनीति बिरामहरूले गर्दा पुराना मजदुर आन्दोलनहरू असफल भएका थिए ।

बोल्शेभिक पार्टी रुसी मजदुरवर्गको एक राजनीतिक पार्टी थियो । त्यसले स-साना पुँजीपतिवर्ग र गाउँका किसानहरूलाई सङ्गठित गर्न सकेको थियो । मजदुर आन्दोलनभित्र मार्क्सवादको पक्षमा अनेक सैद्धान्तिक सङ्घर्षहरू गरेर त्यसले आफूलाई एक



तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको पहिलो अधिवेशनमा लेनिनको सम्बोधन

सैद्धान्तिक जगमा उभ्यायो । विभिन्न सामन्ती र पुँजीवादी राजनीतिक पार्टीहरूसँग राजनीतिक सङ्घर्ष गरेर त्यसले आफूलाई राजनीतिक सुझबुझले पोख्त राजनीतिक पार्टीको रूपमा उभ्याउन सफल भयो । पुराना मजदुर आन्दोलन, पेरिस कम्युन र सन् १९०५ मा भएका अनेक रणनीतिक सुझबुझको कमी तथा बिरामहरूबाट सिकेर त्यस्ता कमजोरी एवम् गल्तीबाट जोगिने बन्यो ।

लामो सङ्घर्षबाट बोल्शेभिकहरू जनताका तत्कालीन एवम् दीर्घकालीन समस्या र आवश्यकतालाई राम्रोसँग बुझ्न सफल भए । जनता र सिपाहीहरूको निम्ति शान्ति, किसानहरूको निम्ति जमिन तथा मजदुरहरूको निम्ति स्वतन्त्रता एवम् समाजवादको खाँचोलाई बुझे । तिनीहरू त्यसैको निम्ति लडे । सङ्घर्षबाटै तिनीहरूले आफूलाई क्रान्तिकारी साबित गराए, सङ्घर्षबाटै तिनीहरूले जनताको विश्वास जिते । रुसमा त्यस्ता क्रान्तिकारीहरूको राजनीतिक पार्टी बोल्शेभिक हुनु नै क्रान्तिको विजयको मुख्य कारण बन्यो ।

२) रुसको मजदुर आन्दोलनले नरोदवादजस्तो छिटो क्रान्ति गर्न खोज्ने उत्ताउलो 'व्यक्तिहत्या' र 'आतङ्कवाद' अनि मेन्शेभिकवादजस्तो फितलो तथा अस्थिर विचारधारासँग सैद्धान्तिक सङ्घर्ष गऱ्यो । त्यस सङ्घर्षबाट मजदुर आन्दोलनले कहिले संसदीय रूप लियो; कहिले संसद्विरोधी रूप त कहिले संसद्मा भाग नलिने (बहिष्कार) र कहिले चुनावमा भाग लिने; कहिले कानुनी र कहिले कानुनविरोधी सङ्घर्षको रूप लियो । सन् १९०५, १९०७ र १९१२ को क्रान्तिले मजदुर आन्दोलनलाई झन्झन् इस्पात बनायो । गुप्त र खुला, शान्तिपूर्ण र सशस्त्र सङ्घर्षका अनेक रूपहरूले गर्दा रुसी मजदुर आन्दोलनलाई अनेक किसिमको अनुभव हासिल गर्ने अवसर प्रदान गऱ्यो । सङ्घर्षकै सिलसिलामा त्यसले आफ्ना हितहरू, आफ्ना सच्चा मित्रहरू र शत्रुहरूलाई पनि चिन्यो । रुसी मजदुर आन्दोलनले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थामा पनि गएर जनताको सेवा गर्ने र अनेक दुःखकष्ट एवम् अपमान सहन सक्ने अनुशासित कार्यकर्ता तथा नेताहरू बनायो । त्यस्ता नेता र कार्यकर्ताहरूविना आन्दोलन जनताबाट एक्लिन्थ्यो । ती आन्दोलन सञ्चालन गर्ने प्रेरणाको मुख्य स्रोत नै बोल्शेभिक पार्टी थियो । त्यसले नै रुसको व्यापक मजदुरवर्गलाई क्रान्ति र समाजवादको निम्ति तयार पाऱ्यो । आन्दोलनहरू र त्यसबाट खारिएका मजदुरवर्ग बिना अक्टोबर क्रान्ति असम्भव थियो ।

३) रुसको पुँजीपतिवर्ग आर्थिकरूपले पश्चिमी पुँजीवादी देशहरूको तुलनामा कमजोर थियो । रुसभित्रै विभिन्न कम्पनीको थिचोमिचो थियो । यसकारण, रुसको पुँजीपतिवर्ग सरकारको सहुलियतमा टिकेको थियो । राजनीतिकरूपले पनि त्यो वर्ग क्रान्तिकारीहरूको तुलनामा साह्रै निर्बलियो र असङ्गठित थियो ।

फ्रान्सेली पुँजीपतिवर्ग राजनीतिक गुटबन्दी र राजनीतिक बेइमानीमा अगाडि थियो । रुसी पुँजीपतिवर्ग त्यस कुरामा त्यति चलाख थिएन । बेलायती पुँजीपतिवर्ग साह्रै बुझ्ने र सम्झौता गर्न सिपालु थियो । तर, रुसी पुँजीपतिवर्ग न फ्रान्सेली पुँजीपतिवर्ग जस्तो राजनीतिक र कूटनीतिकरूपले चलाक थियो, न त बेलायती पुँजीपतिवर्ग जस्तो आफ्नै खुट्टामा उभिन सक्थ्यो । अर्थात्, रुसी पुँजीपतिवर्ग राजनीतिकरूपले परिपक्व थिएन । तिनीहरूमा परिस्थिति हेरेर नयाँ बाटो खोज्ने अगुवाइपन पनि थिएन ।

४) लडाइँले जनता र सेना वाक्क भइसकेका थिए । जमिनदारहरूको थिचोमिचोले किसानहरू उठ्न सकिरहेका थिएनन् । कारखानाहरू बन्द हुँदै थिए र मजदुर नीति पनि खोटो थियो । आर्थिक हिसाबले रुसले युद्ध चालु राख्न नसक्ने देखिँदै थियो । तर, जारले 'विजय नभएसम्म युद्ध गर्दै जाने' नीति लियो । त्यही नीतिले जारतन्त्र उल्टियो र पुँजीपतिवर्गको सरकार स्थापना भयो ।

पुँजीवादी सरकारले त्यही जारकालकै जनविरोधी नीति लियो । तिनीहरूमा जारको असफलताबाट सिक्ने राजनीतिक सुझबुझ थिएन । तिनीहरूमा न सामन्तवर्गसँग सम्झौता गर्ने अक्कल थियो न त मजदुरवर्गसँग मिल्ने समझदारी रह्यो । रुसी पुँजीपतिवर्गको यस कमजोरीलाई रुसका मजदुरवर्ग र बोल्शेभिकहरूले बुझे । तिनीहरूको कमीकमजोरीबाट क्रान्तिले फाइदा उठायो । मेन्शेभिक र समाजवादी क्रान्तिकारीहरूको प्रभावलाई पुँजीपतिवर्गले फाइदा उठायो र आखिर तिनीहरू पनि पुँजीपतिवर्गसँगै 'सती' गए ।

५) संवैधानिक प्रजातन्त्रवादी (क्याडेट), समाजवादी क्रान्तिकारीहरू र मेन्शेभिकहरू पनि किसानको हितबारे कुरा गर्थे । किसानहरूको साँचो हितको निम्ति जमिनदार वर्गसँग चर्को सङ्घर्ष गर्नुपर्थ्यो । तर, तिनीहरूमध्ये कुनै गुट किसानको पक्षमा जमिनदारहरूसँग सङ्घर्ष गर्न चाहँदैनथे । कुनै न कुनै रूपले जमिनदार र धनी किसानहरूसँग तिनको सम्बन्ध हुन्थ्यो ।

बोल्शेभिक पार्टीको सम्बन्ध भने गरिब किसानसँग थियो । गरिब किसानहरूको हितको निम्ति तिनीहरू जमिनदारवर्गलाई दबाउन तयार थिए । यसकारण, मजदुर र किसानवर्गको बलियो एकताको आधार तयार भयो । गरिब र मध्यम किसान क्रान्तिमा सरिक भए । यसरी अक्टोबर क्रान्तिको सफलताको अर्को मुख्य कारण मजदुर र किसानको एकता थियो ।

६) अक्टोबर क्रान्तिको सफलताको एक मुख्य कारण बोल्शेभिक पार्टीको नेतृत्व पाउनु हो । त्यस पार्टीका नेता-कार्यकर्ता देश-विदेशका तथा विभिन्न आर्थिक, राजनीतिक, गुप्त र खुला सङ्घर्षहरूबाट खारिएका अनि शिक्षित थिए । तिनीहरू अनेक गलत तत्त्वहरूबाट पार्टीलाई जोगाउँदै लग्न सिपालु भइसकेका थिए ।

त्यस पार्टीले शान्तिको निम्ति जनताका प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाएको थियो; राजा-रजौटा र सामन्तहरूको जग्गा किसानहरूलाई कब्जा गर्न दिएको थियो; रुसी जाति र जारतन्त्रको थिचोमिचो एवम् पक्षपातबाट अरु जातिलाई स्वतन्त्र गऱ्यो; समानताको सिद्धान्त अगाडि लग्यो; पुँजीपतिवर्गको हुकुमको ठाउँमा सर्वहारावर्गको हुकुम कायम गऱ्यो ।

बोल्शेभिक पार्टीले शत्रुमाथि एकपछि अर्को धावा बोल्ने काममा अगुवाइ गऱ्यो । त्यस्तो साहसी, परिपक्व, अनुभवी पार्टीबिना क्रान्ति असम्भव थियो ।

७) जारतन्त्र युद्धमा फसिरहेको; जनतामा असन्तोष फैलिरहेको; जारतन्त्रको ठाउँमा आएको पुँजीपतिवर्गको सरकारले पनि देशलाई ठीक बाटो देखाउन नसकेको र अस्थायी सरकारप्रति पनि जनताको विश्वास घट्दै गइरहेको देशको भित्री परिस्थिति थियो । अर्कोतिर सङ्घर्षको कारणले जनताको विश्वास बोल्शेभिक पार्टीतिर बढ्दै थियो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा पुँजीवादी देशहरू आ-आफ्नो प्रभुत्व फैलाउन आपसमा काटाकाट गर्दै थिए । तिनीहरू दुई ठुला गुटमा विभाजित थिए । दुवै गुट साम्राज्य फैलाउने युद्धमा नराम्रोसँग फसेका थिए । यस्तो स्थितिमा तिनीहरूले संयुक्त भएर रुसी क्रान्तिमा हस्तक्षेप गर्न सकेनन् ।

यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति क्रान्तिको पक्षमा थियो । त्यही परिस्थिति नै क्रान्तिको सफलताको एक कारण बन्यो । भनिन्छ, अन्तर्राष्ट्रिय परिस्थिति अक्टोबर क्रान्तिको सहायक पक्ष थियो ।

८) बोल्शेभिकहरूले जनताको सबभन्दा तल्लो वर्गको प्रस्ट र व्यापक इच्छाहरू पूरा गरे । पुरानोलाई ध्वस्त पारेर नयाँ समाजको निर्माण गर्न जनतालाई जगाए ।

समाप्त

साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व





यसै सप्ताहन्तमा दक्षिण लन्डनमा नस्लवाद र अति दक्षिणपन्थीहरूको विरूद्ध जनताको मार्च भयो । उक्त मार्च एकताको शक्तिशाली प्रदर्शन थियो । यसले दक्षिण लन्डनमा नस्लवाद र आप्रवासीविरोधी राजनीतिको कुनै स्थान छैन भन्ने स्पष्ट सन्देश दिएको थियो ।

दक्षिण लन्डनको जातिवादविरोधी मोर्चमा आबद्ध विभिन्न जन सङ्गठनको सहभागितामा उक्त जन मार्च भएको थियो ।

तस्बिर : सामाजिक सञ्जाल

हसिनाको फिर्तीको घोषणापछि बङ्गलादेशमा सुरक्षा कडा

ढाका, ३ मङ्सिर (एएफपी) । पूर्वप्रधानमन्त्री शेख हसिनाका समर्थकले राष्ट्रव्यापी प्रदर्शनको आह्वान गरेपछि बङ्गलादेश सरकारले राजधानी ढाकासहित सात जिल्लामा सयौँ सुरक्षाकर्मी परिचालन गरेको छ ।

विद्यार्थी नेतृत्वको विद्रोहबाट १५ वर्ष शासन अन्त्य भएपछि सन् २०२४ अगस्टमा भारत पलायन हुनुभएकी ७९ वर्षीया हसिनाले आगामी डिसेम्बरमा स्वदेश फर्कने घोषणा गर्नुभएको छ । प्रदर्शनकारीमाथि भएको घातक दमनसम्बन्धी मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै अदालतले उहाँलाई अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो ।

हसिनाको सम्भावित फिर्तीलाई लिएर पछिल्ला दिनमा हिंसात्मक घटना बढेका छन् । प्रतिबन्धित अवस्थामा रहेको उहाँको दल अवामी लिगले बिहीबार राष्ट्रव्यापी प्रदर्शन र 'लकडाउन' आह्वान गरेको थियो । सीमा सुरक्षा बल बङ्गलादेशले हसिनाको गृहनगर गोपालगञ्जसहित सात जिल्लामा सुरक्षाकर्मी खटाएको छ ।

पार्टीको घरभित्रै बस्नुपर्ने आह्वानका बाबजुद समर्थकहरूले ढाकालाई गोपालगञ्जसँग जोड्ने राजमार्गका विभिन्न स्थानमा प्रदर्शन गर्दै यातायात अवरुद्ध गरेका छन् । ती क्षेत्रमा आगजनी तथा हिंसाका घटना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

यसैबिच, प्रधानमन्त्री तारिक रहमानले राजनीतिक विरोधीहरूले देशलाई अस्थिर बनाउन खोजेको आरोप लगाउँदै लोकतन्त्र समर्थक शक्तिहरूलाई एकजुट हुन आग्रह गर्नुभएको छ । प्रहरीले अवामी लिगसँग सम्बन्धित १०७ जनालाई बुधबारदेखि पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा पूर्वशिक्षामन्त्री नुरुल इस्लाम नाहिदसमेत हुनुहुन्छ ।

हसिनाले पछिल्ला सातामा समर्थकहरूलाई सम्बोधन गर्दै डिसेम्बरमा स्वदेश फर्कने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ । उहाँको घोषणासँगै बङ्गलादेशको राजनीतिक वातावरण थप तनावपूर्ण बनेको छ ।

एसिया-प्रशान्त आर्थिक सहकार्यमा चीन वकालतकर्ता, प्रवर्द्धक र अग्रणी : सी

सेन्जेन (चीन), ३ मङ्सिर (सिन्हुवा) । चिनियाँ राष्ट्रपति सी चिनफिङले एसिया-प्रशान्त आर्थिक सहकार्य (एपेक) मा चीन वकालतकर्ता, प्रवर्द्धक र अग्रणीको भूमिकामा रहेको बताउनुभएको छ ।

दक्षिण चीनको गुआङडोङ प्रान्तस्थित सेन्जेनमा बिहीबार आयोजित एपेकका ३३ औँ आर्थिक नेताहरूको बैठकलाई सम्बोधन गर्दै उहाँले एसिया-प्रशान्त समुदायलाई थप सुदृढ बनाउन सबै पक्षसँग सहकार्य गर्न चीन तयार रहेको बताउनुभयो ।

सीले क्षेत्रीय समुदायको विकासका लागि बलियो आर्थिक तथा व्यापारिक सम्बन्ध आवश्यक रहेको उल्लेख गर्दै व्यापार र लगानीलाई सहज बनाउने, डिजिटल प्रविधिको विकासलाई तीव्रता दिने तथा व्यापारिक अवरोध घटाउने प्रयास गर्न सबै पक्षलाई आग्रह गर्नुभयो ।

उहाँले क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार गर्न पूर्वाधार विकास, नीति तथा नियमबिच समन्वय र जनस्तरको आदानप्रदानलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो । यसबाट सदस्य राष्ट्रका नागरिकबिच आपसी समझदारी र निकट सम्बन्ध विस्तार हुने उहाँको भनाइ थियो ।

नवप्रवर्तनलाई क्षेत्रीय विकासको महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गर्दै सीले डिजिटल पूर्वाधार निर्माण तथा कृत्रिम बौद्धिकता (एआई) को व्यापक प्रयोगलाई प्रवर्द्धन गर्न थप प्रयास आवश्यक रहेको बताउनुभयो ।

उहाँले क्षेत्रीय अर्थतन्त्रलाई ऊर्जा तथा खाद्य सुरक्षा सुनिश्चित गर्न, सीमापार भ्रष्टाचार नियन्त्रणसम्बन्धी शासन व्यवस्था सुदृढ बनाउन तथा हरित र न्यून कार्बनयुक्त अर्थतन्त्रतर्फको रूपान्तरणमा सहयोग बढाउन पनि आह्वान गर्नुभयो ।

त्यसैगरी, नागरिकको जीवनस्तर सुधार गर्न तथा मानव पुँजीमा लगानी बढाउन सबै पक्षले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

एपेक सम्मेलनमा ट्रम्प र सीबिच द्विपक्षीय वार्ता

सेन्जेन (चीन), ३ मङ्सिर (एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबिच बिहीबार चीनको सेन्जेनमा आयोजित ३३ औँ एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनका अवसरमा द्विपक्षीय वार्ता भएको छ । विश्व व्यापार, आणविक हतियार नियन्त्रण र अन्तर्राष्ट्रिय सुरक्षा चुनौतीबिच भएको यस भेटलाई दुई शक्ति राष्ट्रबिचको सम्बन्ध सुधारका दृष्टिले महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

यसअघि ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पनि द्विपक्षीय भेट गर्नुभएको थियो । उहाँले पुटिनसँगको भेटबाट सकारात्मक परिणाम आउने विश्वास व्यक्त गर्दै त्यसपछि अर्को बैठकसमेत हुन सक्ने बताउनुभएको थियो ।

ट्रम्पले सी र पुटिनसँग तीनै देशको साझा हित तथा अन्तर्राष्ट्रिय अवसरबारे छलफल गर्न प्रस्तावित त्रिपक्षीय बैठकको प्रतीक्षा गरिरहेको बताउनुभएको थियो । उहाँले यसलाई ऐतिहासिक अवसरको संज्ञासमेत दिनुभएको थियो ।

तीन नेताबिच आणविक हतियार नियन्त्रण, इरानसँग जारी द्वन्द्व, विश्व व्यापार तथा रुस-युक्रेन युद्धलगायत विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

यसअघि सी र पुटिनबिच पनि सेन्जेनमा द्विपक्षीय वार्ता भएको थियो । भेटमा दुवै नेताले चीन-रुस सम्बन्धको सुदृढीकरण र बहुध्रुवीय विश्व व्यवस्थालाई अघि बढाउने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो । सीले दुई देशबिचको सम्बन्धलाई प्रतिकूल परिस्थितिमा पनि पहाडझैँ अडिग रहेको बताउनुभएको थियो भने पुटिनले चुनौतीपूर्ण अन्तर्राष्ट्रिय परिस्थितिका बाबजुद आपसी राजनीतिक सहकार्य रचनात्मक रहेको उल्लेख गर्नुभएको थियो ।

प्रस्तावित त्रिपक्षीय छलफल अमेरिका र रुसबिचको नयाँ स्टार्ट आणविक हतियार नियन्त्रण सन्धि समाप्त भएपछि अन्तर्राष्ट्रिय हतियार नियन्त्रणको विषयले पुनः महत्त्व पाएका बेला हुन लागेको हो । अमेरिकाले चीनलाई पनि व्यापक आणविक हतियार कटौतीसम्बन्धी वार्तामा सहभागी गराउन खोजिरहेको छ । तर चीनले अमेरिका र रुससँग तुलनात्मक रूपमा निकै ठुलो आणविक हतियार भण्डार रहेको भन्दै प्रत्यक्ष वार्तामा सहभागी हुन अनिच्छा देखाउँदै आएको छ ।

इमरानको सुरक्षाका लागि छोराको विश्व समुदायसँग अपिल

इस्लामाबाद, ३ मङ्सिर (एएनआई) । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका छोरा कासिम खानले आफ्ना बुबाको ज्यान जोखिममा रहेको भन्दै उहाँको सुरक्षाका लागि तत्काल हस्तक्षेप गर्न अन्तर्राष्ट्रिय समुदायसँग अपिल गर्नुभएको छ । उहाँले सेना प्रमुख असीम मुनीरको नेतृत्वमा रहेको पाकिस्तानी सैन्य प्रशासनमाथि हत्या, अपहरण र यातनाको सहारा लिएको आरोप लगाउनुभएको छ ।

सामाजिक सञ्जाल एक्समा सन्देश लेख्दै कासिमले मुनीर नेतृत्वको शासनले तर्क नसुन्ने आरोप लगाउनुभएको छ । आफ्ना बुबाको हत्या हुनुअघि नै विश्व समुदायले कदम चाल्नुपर्ने उहाँको आग्रह छ ।

यसैबिच, अन्तर्राष्ट्रिय मानव अधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले इमरान खान र उहाँकी पत्नी बुशरा बीबीको नजरबन्द, स्वास्थ्य उपचार तथा परिवार र कानुनी प्रतिनिधिसँगको भेटघाटमा लगाइएको प्रतिबन्धप्रति चिन्ता व्यक्त गरेको छ ।

संस्थाका अनुसार इमरान खानलाई सन् २०२५ डिसेम्बरदेखि परिवारसँग भेट्न दिइएको छैन । सन् २०२६ अगस्टमा बहिनीसँग दुई पटक भेट्न पाउनुभए पनि मार्चदेखि छोराहरूसँग टेलिफोनमा कुराकानी गर्न दिइएको छैन । ७४ वर्षीय पूर्वप्रधानमन्त्रीलाई एकान्त कारावासमा राख्दा मानसिक तथा शारीरिक स्वास्थ्यमा असर पर्न सक्ने संस्थाको चेतावनी छ ।

एम्नेस्टीले उहाँको रक्तचापसम्बन्धी गम्भीर समस्याबारे उल्लेख गर्दै सर्वोच्च अदालतको आदेश हुँदाहुँदै स्वतन्त्र चिकित्सकबाट उपचारको व्यवस्था नगरिएको आरोप लगाएको छ । बुशरा बीबीको आँखासम्बन्धी रोगको पर्याप्त उपचार नभए दृष्टि गुम्न सक्ने जोखिम रहेको पनि संस्थाले जनाएको छ ।

संस्थाले उहाँहरूको हिरासतको अवस्थालाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १० विपरीत रहेको बताएको छ । इमरानका परिवारका सदस्यलाई समेत अधिकारका पक्षमा आवाज उठाएकै कारण पक्राउ गरिएको भन्दै आपत्ति जनाएको छ ।

एम्नेस्टीका अनुसार पिटिआईको इस्लामाबाद मार्चसँग सम्बन्धित घटनामा इमरानका तीन बहिनीलाई सेप्टेम्बर २० र २१ मा सार्वजनिक व्यवस्था कायम गर्ने ऐन, १९६० अन्तर्गत पक्राउ गरिएको थियो । तीमध्ये दुई जना रिहा भए पनि अलीमा खान लाहोरको कोट लखपत जेलमा अझै थुनामा हुनुहुन्छ ।

एम्नेस्टीले इमरान खान र बुशरा बीबीलाई पर्याप्त स्वास्थ्य उपचार उपलब्ध गराउन, परिवार तथा वकिलसँग नियमित भेटघाटको व्यवस्था गर्न र अलीमा खानलाई तत्काल रिहा गर्न पाकिस्तानी अधिकारीहरूसँग माग गरेको छ ।

पाकिस्तानमा २२ आतङ्ककारी मारिएको सेनाको दाबी

इस्लामावाद, ३ मङ्सिर (एपी) । अफगानिस्तानसँग सीमा जोडिएको पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा सुरक्षा बलले गरेको कारबाहीमा २२ जना आतङ्ककारी मारिएको पाकिस्तानी सेनाले जनाएको छ । गुप्तचर सूचनाका आधारमा खैबर पख्तुनख्वा प्रान्तका विभिन्न स्थानमा गरिएको छापामा उनीहरू मारिएको सेनाले बिहीबार विज्ञप्तिमार्फत जानकारी दिएको हो ।

सेनाका अनुसार दक्षिण वजीरिस्तान, बन्नु र ट्याङ्क जिल्लामा पछिल्लो ४८ घण्टामा कारबाही गरिएको थियो । मारिएका आतङ्ककारीलाई भारतको समर्थन रहेको आरोपसमेत सेनाले लगाएको छ । यसबारे भारतले तत्काल कुनै प्रतिक्रिया जनाएको छैन । पाकिस्तानले यसअघि पनि अफगानिस्तान र भारतले पाकिस्तानी तालिबान तथा अन्य आतङ्कवादी समूहलाई सहयोग गरेको आरोप लगाउँदै आएको छ । दुवै देशले भने ती आरोप अस्वीकार गर्दै आएका छन् ।

पाकिस्तानी सेनाले गत साता उत्तरपश्चिमी क्षेत्र र दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तका विभिन्न लुकेका स्थानमा गरेको कारबाहीमा ७४ जना आतङ्ककारी मारिएको जनाएको थियो । सेनाले बाँकी रहेका आतङ्ककारीको खोजी जारी रहेको र विदेशी समर्थनमा भइरहेको भनिएको आतङ्कवादी गतिविधिविरुद्ध कारबाही निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले छुट्टाछुट्टै वक्तव्य जारी गर्दै भारत समर्थित भनिएका आतङ्ककारीलाई मारिएको भन्दै सुरक्षा बलको प्रशंसा गर्नुभएको छ । उहाँहरूले आतङ्कवादविरुद्धको लडाइँ जारी राख्ने प्रतिबद्धता व्यक्त गर्दै आतङ्ककारी र तिनका समर्थकलाई पाकिस्तानमा अशान्ति फैलाउन नदिने बताउनुभएको छ । आतङ्कवादविरुद्ध लडिरहेका सुरक्षा फौजको साथमा सिङ्गो राष्ट्र रहेको उहाँहरूको भनाइ छ ।

पाकिस्तानमा पछिल्ला वर्षहरूमा प्रहरी तथा सुरक्षा बललाई लक्षित गरी हुने आतङ्कवादी आक्रमण बढेका छन् । अधिकारीहरूले अधिकांश घटनामा तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) र त्यससँग आबद्ध अन्य आतङ्कवादी समूहको संलग्नता रहेको आरोप लगाउँदै आएका छन् ।

पाकिस्तानी तालिबान अफगानिस्तानको तालिबानभन्दा अलग सङ्गठन भए पनि सन् २०२१ मा काबुलमा सत्ता कब्जा गरेको तालिबानसँग सम्बन्धित छ । टिटिपीका धेरै नेता तथा लडाकू अफगानिस्तानको सीमापार क्षेत्रमा रहेका सुरक्षित आश्रयस्थलबाट गतिविधि सञ्चालन गरिरहेको विश्वास गरिन्छ । यसै कारण इस्लामाबाद र काबुलबिचको सम्बन्ध तनावपूर्ण बन्दै आएको छ ।

शब्दबिम्बमा साहित्य

वाङ्मय पृष्ठ : व्यक्तिवृत्त

नारायणमान बिजुक्छेँ = साहित्यकार हरिबहादुर श्रेष्ठ



मोहन दुवाल : साहित्यकार तथा जनमतका प्रधानसम्पादक

विश्वमा सांस्कृतिक नगरीका रूपमा पहिचान देखाउन सफल नेवारहरूको बाहुल्य रहेको उपत्यकाभित्रको एउटा नगर भक्तपुरमा जन्मेका नारायणमान बिजुक्छेँ एकजना चर्चित राजनीतिज्ञ मात्र नभइकन जनपक्षीय साहित्यकार पनि हुन्। स-साना आँखाले विश्व ब्रह्माण्ड हेर्न सधैँ तल्लीन जस्तो देखिने नारायणमान बिजुक्छेँको राजनीतिमा प्रवेश गरेपछि रोहितका नामले प्रख्यात भए। का. रोहितका नामले आफ्नै राजनीति कर्ममा लागेका उनले श्रमिकहरूका हितका लागि श्रमिकका आवाजहरू साप्ताहिक रूपमा उराल्न लगाएर, मजदुरहरूका हक अधिकारका निम्ति मजदुरका उच्छ्वासहरू दैनिक नै व्यक्त गर्न सिकाएर गन्तव्य खोज्दै रहे। उनले महिलाहरूका समान अधिकारका प्रश्नमा केटीहरूका धुकधुकीहरू व्यक्त गर्न आवाज भर्नुभएर शिक्षक, विद्यार्थीलगायत अन्य जनसमुदायका लागि मात्र होइन युवाहरूलाई चेतना सम्प्रेषण गर्नका लागि युवा साहित्यका मर्म-मर्म भावना साँच्न साथ र बल थपेर आफू जन्मेको भक्तपुरको गरिमा र महत्त्व सम्प्रेषण गर्न भक्तपुरका इतिवृत्त प्रकाशन गर्ने बल थप्नु भएर मान्छेकै जीवन्त उदाहरणका रूपमा आफूलाई सम्प्रेषण गरेका छन्।

मार्क्सवाद-लेनिनवाद नै जीवन जगत्का लागि वैज्ञानिक दृष्टिका रूपमा स्वीकारेका नेपाल मजदुर किसान पार्टीका संस्थापक नेता नारायणमान बिजुक्छेँ आजको देशको भयावह अवस्थाका सन्दर्भमा आफ्नो विचार यसरी व्यक्त गर्ने गर्छन्- तर केही पक्ष धमिलो पानीका माछा मार्न चाहन्छन्। नेपाल कमजोर होस्, नेपाल कमजोर भएको बेला आफ्नो उद्देश्य पूरा गरौँला भन्ने खालका शक्तिहरू पनि भएको हुँदा यो युद्धविरामबाट खुसी नभएकाहरू पनि छन्। नेपालमा उपद्रो भइरहेको बेला फाइदा लिने, कहिले टनकपुर लिने, कहिले के लिने, कहिले लक्ष्मणपुर बाँध बनाउने, कहिले खुर्दलोटन बाँध निर्माण गर्ने, कहिले के गर्ने, त्यस्ता शक्तिहरू पनि छन्, तिनीहरूले युद्धविराम रुचाइरहेका छैनन्। (श्रमिक १३ फागुन २०५९, बाट) अप्रत्यक्ष, घुमाउरो पारामा आफ्नो विचार राख्न अति कुशल वक्ताका रूपमा पनि चिरपरिचित व्यक्तित्वका रूपमा स्वीकार्न सकिने राजनीतिज्ञ नारायणमान बिजुक्छेँ अर्थात् का. रोहित आफ्नै राजनीतिक छविले ओझेलमा परेका साहित्यकार हरिबहादुर श्रेष्ठ पनि हुन्।

एसियाको नमुना सहरको दर्जा पाएको ऐतिहासिक प्राचीन नगरी भक्तपुरका गल्ली र चोकहरू सफा देखिन्छन्, भत्किएका देव मन्दिर, पाटी पौवाहरू, जीर्णोद्धार भई हेरौँ-हेरौँ बनाइएका छन्, बाटाघाटाहरू इँटाले कलात्मकता पाएर जीवन्त देखिएका छन्। कस्तो खालको जादुगरिताको कमाल हो यो भक्तपुरमा, को हुन् जादुगर ? म बनेपाजस्तो ज्यादै सानो नगर जहाँ हल्ला बढी हुन्छ, स्वस्थ, सुन्दर, सफा नगर बनाउने भनेर अनि योजनाका फेहरिस्त खिच्छन्, डङ्का पिट्छन्, नगर नेताहरू जहाँ पुगे पनि जय बनेपा भनेर भाषणमा रम्ने गर्छन् तर काम कुरो केही पनि हुँदैन। नगरपालिकाभित्र-बाहिर पार्क, चोक जहीतहीं फोहरका डङ्गुर फाल्न माहिर छन्। म बनेपाजस्तो तथाकथित स्वच्छ, सुन्दर नगरबाट ज्यापुहरूको नगर भनेर अपहेलित भाषाले भक्तपुरलाई गिज्याउनेहरूसँग भक्तपुरको स्वच्छताबाट आफूलाई चोखो बनाउन सिक भन्न अहिले पनि रुचाइरहेछु। भक्तपुर त्यसै सुन्दर, स्वच्छ, सफा नगर भएको होइन; भक्तपुरलाई नेतृत्व गर्नेहरूको मन र आँखा सुन्दर भएर नै भक्तपुरले यो स्वच्छता पाएको हुनुपर्छ; म अहिले यस्तै सोचिरहेको छु। एकताकाको कुरा हो, भक्तपुर साहित्यिक समाजले एउटा साहित्यिक कार्यक्रममा मलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरेका थिए दत्तात्रीको एउटा स्कूलमा। त्यसै कार्यक्रममा आतिथ्य ग्रहण गर्न जाँदा भक्तपुरलाई धेरै नजिकबाट मैले नियाल्न पाएको थिएँ। त्यसैताका जनपक्षीय साहित्यकार हृदयचन्द्रसिंहका सुपुत्र सुप्रदसिंह प्रधानसँग भक्तपुरमा पनि हृदयचन्द्रसिंह प्रधानको स्मृतिमा बर्सेनि कार्यक्रम भइरहोस् भन्ने चाहना बोकेर साहित्यकार हरिबहादुर श्रेष्ठ अर्थात् (रोहित) नारायणमान बिजुक्छेँलाई ने.म.कि.पा.को केन्द्रीय कार्यालयमा भेटघाट गर्न गएका थियौँ। निकै शिष्टतापूर्वक हामीलाई स्वागत गर्दै का. रोहितले त्यहाँ कार्यालयमा रहेका युवा मित्रहरूलाई साहित्यकारका रूपमा मेरो परिचय गरेर हृदयचन्द्रसिंह प्रधानबारे र उहाँका कृतिबारे आफ्नो धारणा राख्दै कृतिहरूको चर्चा गरे। राष्ट्र र जनताले सम्मान गर्नुपर्ने साहित्यकार हृदयचन्द्रसिंह प्रधानको सम्मानमा गर्नुपर्ने कार्यहरूमा भक्तपुर कहिल्यै पछि नपर्ने धारणा राखे। सुन्दर लाग्यो भक्तपुर, हरिबहादुर श्रेष्ठका कथाहरू, अध्यक्ष रोहितद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' नामक पुस्तक त्यही दिन प्राप्त भयो। मैले ओल्टाइपल्टाई हेरेँ।

गाउँले, विष्णु ढकाल, विनोद, प्रजापति, सरोज, प्रधानका साथै हरिबहादुर श्रेष्ठका नाममा थुप्रै लेख रचना लेखिसकेका नारायणमान बिजुक्छेँका साहित्यिक कृतिहरूमा जनताको साहित्य र साहित्यकार, राजनैतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिट्ठी, साइन्स पढ्ने र डाक्टर पढ्ने भाइबहिनीहरूलाई विदेशमा बस्ने दाजुको चिट्ठी, आकाश बाँधिएको छैन (कवितासङ्ग्रह), हरिबहादुर श्रेष्ठका कथाहरू, मां भाय् व मां भाय् थकाय्गु लँपु (नेपालभाषामा) का साथै चीन र कोरिया भ्रमणका नियात्राका पुस्तकहरू र समसामयिक राजनीतिका पुस्तकहरूमा 'भियतनाम एक परिचय', 'बारुदको धुँवामा छट्पटिएका एक बौद्ध देश कम्बोडिया', 'नाचगानको राजधानी भक्तपुर', 'जेलको चिट्ठी' आदि लेखेका छन्। सरल जनभाषामा बाल-बालिकाहरूले समेत बुझ्ने भाषामा लेख्न सिपालु हरिबहादुर श्रेष्ठले सबैजसो साहित्यिक लेख रचनाहरू जनताका पक्षमा लेखेको देखिन्छ। रोचक, शिक्षाप्रद र प्रेरणादायी हुने खालका विचार सम्प्रेषण गरिएका उनका लेख-रचनामा शैली र कलात्मकताको अभाव रहेको प्रश्न उठाउन नसकिने होइन। तर, राजनीतिमा एक स्थापित नेताका रूपमा चर्चा पाइसकेका उनीजस्तो राजनीतिज्ञले साहित्यमा चाख राखिदिएर साहित्यिक सिर्जनामा मन लगाइदिन्, साहित्यकारहरूसँगको सामिप्यतामा ध्यान पुऱ्याइदिएर भक्तपुरमा भाषा-साहित्यका लागि चर्चा-परिचर्चा चलाउन प्रेरणा दिइरहनु कम महत्त्वपूर्ण कुरा होइन। यस अर्थमा हरिबहादुर श्रेष्ठका साहित्यिक उच्छ्वासहरू महत्त्वपूर्ण र प्रेरणादायी छन्।

हरिबहादुरका सबैजसो कविता, कथा र लेख निबन्धमा समाजमा घटेका घटनाहरूको प्रसङ्ग प्रगतिशील ढङ्गले चर्चा भएका छन्। जनताका दुःख-सुखका मर्म र कर्मको अभिव्यक्ति हुनुले उनको लेखकीय विशेषता उल्लेखयोग्य खालको छ। तर, पनि राजनीतिज्ञ रोहितको व्यक्तित्वले साहित्यिक व्यक्तित्व हरिबहादुर श्रेष्ठ किचिएको प्रतीत हुन्छ। साहित्य समाजको ऐना हो भन्न रूचाउनुहुने हरिबहादुर श्रेष्ठले आफ्ना कथाहरूमा समाजकै घटना परिवेशलाई चित्रण गर्न खोज्नु आश्चर्यको विषय होइन। उनको साहित्यिक दृष्टि तल्लो वर्गको हितमा साहित्यले सेवा गर्नुपर्दछ भन्ने नै हो र राजनीतिलाई चोखो र स्वच्छ बनाउनका लागि लेखक-कलाकारहरूको भूमिका निकै महत्त्व हुन्छ भन्ने धारणा राख्ने उनले राम्रा लेखक र कलाकारहरूबिना राजनैतिक कार्यकर्ताहरू सुसंस्कृत र सुसूचित हुँदैन भन्ने सोचमा उनी दृढ देखिन्छन्। 'जनताको हितमा लेखिरहने' उनको साहित्यिक दृष्टि रहेको र उनी 'निःस्वार्थ रूपले जनताको सेवामा लागिरहनु स्वयं सङ्घर्ष हो।' भनेर आफूलाई जनताका पक्षधर लेखकका रूपमा चिनाउन सफल छन्।

साहित्यको परिभाषामा यिनले लेखेका छन्, 'वर्गसङ्घर्ष, राजनैतिक सङ्घर्ष र जनताको सेवा गर्ने एक सशक्त माध्यम साहित्य हो।' (अक्षरभित्र: स्रष्टाहरू, पृष्ठ २२९)। वि.सं. १९९६ फागुन २६ गते सुकुलढोका-८, भक्तपुरमा जन्मेका नारायणमान बिजुक्छेँ राजनीतिमा पनि जन्मभर नै किसान/मजदुरकै पक्षमा रहेर श्रमजीवीहरूकै लागि राजनीतिमा सुन्दरता खोप्न जानेका राष्ट्रभरमा स्वच्छ छवि देखाउन सफल राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) नामले विख्यात छन्। 'जनताको साहित्य' पत्रिकाको सम्पादन गरेर साहित्य बोकेर आएका यिनी जनपक्षीय साहित्यकार हरिबहादुर श्रेष्ठका नाममा साहित्यजगत्मा प्रख्यात लेखक पनि हुन्। चीन, भारत, बर्मा, उत्तर कोरिया, थाइल्यान्ड, पाकिस्तान, जर्मनी, बङ्गलादेश, फ्रान्स, अमेरिका, कोलम्बियालगायत संसारका थुप्रै देश घुमिसकेका यिनी भक्तपुरलाई नेपालकै नमुना सहर बनाउन प्रयत्नशील गौरवशाली नाम हुन्।

हरिबहादुर श्रेष्ठ नै नारायणमान बिजुक्छेँ हुन्। निबन्ध र प्रबन्ध, कथा, संस्मरण लेखन, इतिहास/संस्कृति विधामा र राजनीतिक दृष्टिमा प्रकाशित भएका यिनका लेख-रचनाहरू उत्कृष्ट र चर्चित छन्। अध्ययनमा सधैँ लाग्न पाउँदा गौरव गर्ने, ज्ञान-चेतना बाँड्न जीवनलाई नै समर्पित तुल्याउन जानेका ऐतिहासिक व्यक्तित्व हुन् - नारायणमान बिजुक्छेँ। उनी साहित्यजगत्मा हरिबहादुर श्रेष्ठका नाममा देखापरेका लेखक हुन्। उनी स्वदेशी साहित्यकारहरूमा देवकोटा, सम, सिद्धिचरण श्रेष्ठ, गोविन्दप्रसाद लोहनीलाई मन पराउँछन्। विदेशी साहित्यकारहरूमा टाल्स्टाय, चेखोप, शेक्सपियर, बाल्जाक, गल्सवर्दी, दोस्तोवस्की, कोमोजो, भिक्टर ह्युगो, यशपाल, राहुल सांकृत्यायन आदि मन पराउँछन्। आफ्नै विचार-आस्थामा अझ भनौँ श्रमजीवी जनताकै पक्षमा अविचल, अडिग रहेर ८७ वर्षको उमेरसम्ममा पनि सभा-समारोहमा आफ्नो विचार राखेर र लेख-रचनामा आफ्नो विचार राखेर आफ्ना भावनाहरू जनतासमक्ष राखिरहन सफल नारायणमानले 'भक्तपुर' मासिक रूपमा प्रकाशन गर्न साथ दिएर, 'ख्वप पौ' पाक्षिक रूपमा नियमित प्रकाशन गर्न प्रेरणा दिएर, 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिकलाई प्रकाशन गर्न लगाएर आफ्नो बौद्धिक शक्ति देखाउन सफल नारायणमान बिजुक्छेले राजनीतिमा 'रोहित' भएर, साहित्यमा 'हरिबहादुर श्रेष्ठ' को बिम्ब देखाएर आफूलाई जीवन्त तुल्याएका छन्।



भर्खरै मात्र प्रकाशित 'सय वर्षपछिको भक्तपुर' का परिकल्पनाकार नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरलाई सुन्दर र रमणीय बनाउनको लागि यस पुस्तकमा आफ्नो दृष्टि र चिन्तन पोखेका छन्। आफू बसेको समाजलाई सभ्य र सुरम्य बनाउन सकिन्छ, त्यसको लागि राम्रो भावना र सुन्दर चाहना भए पुग्छ। त्यस्तो खालको चिन्तन नेतृत्व वर्गले बोकिदिँदा समाज र राष्ट्र अवश्य सुरम्य र सभ्य बनाउन सकिन्छ। यस्तै खालको दृष्टि यस पुस्तकमा सङ्ग्रहित छन्।

राजनीतिमा दह्रो अडान भएको र पदलोलुप चरित्र नहुनुकै परिणाममा यिनी कुनै पनि परिस्थितिमा मन्त्री बन्ने अवस्था आउँदा पनि मन्त्री भएर आफूलाई गिर्न नदिएको र अहिले पनि नयाँ पुस्ताले सांसद् बनाएर आफू ने.म.कि.पा. को अध्यक्ष रहेर राजनीति गरिरहेकोले बताउँछ। यिनी स्वार्थ नभएको वामपन्थी अर्थात् कम्युनिस्ट घटककै एकजना सुन्दर स्वच्छ नेताको रूपमा चर्चा गर्न सकिन्छ। साहित्य लेखनमा पनि यिनी प्रगतिवादी लेखकका रूपमा विख्यात छन्। त्यसैले प्रत्येक वर्ष हुने भक्तपुरको 'तःमुंज्या' साहित्यिक कार्यक्रममा उनी रमाउने गर्छन्। देशको विडम्बना भनौँ कि के भनौँ इमानदारहरू कुनामा पर्दै जान्छन्। बेइमानहरू अगाडि अगाडि सर्छन्। तर, जसले जेसुकै गर्दै गरे पनि, जसले जेसुकै भन्दै गरे पनि नारायणमान बिजुक्छेँ स्वच्छ ढङ्गले कर्मपथमा लम्किँदै गरेका स्वाभिमान व्यक्तित्व हुन्। राजनीतिमा स्वच्छ छवि देखाएर बाँच्न सफल रोहित साहित्यमा पनि जनपक्षीय भावना खोपेर देखापर्दै गरेका प्रगतिवादी साहित्यकार हुन्।

साभार : 'प्रभातफेरी' साप्ताहिक, १८ कार्तिक, २०८३

प्रधानमन्त्रीको...

पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक सम्पदा, साहसिक पर्यटन र स्वास्थ्य पर्यटनका क्षेत्रमा पनि नेपालले ठुलो सम्भावना बोकेको छ। लुम्बिनी, पोखरा, मुक्तिनाथ, पशुपतिनाथ, जनकपुर, सगरमाथा क्षेत्रलगायतका गन्तव्यमा भारतीय पर्यटकको सहज पहुँच बढाउन हवाई र सडक सम्पर्क महत्त्वपूर्ण हुन्छ। त्यसैले हवाई प्रवेश मार्गको विषयलाई विमानस्थल सञ्चालनको प्राविधिक मुद्दा होइन, नेपालको पर्यटन अर्थतन्त्रसँग जोडिएको राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्छ। भारतले नेपालको यो आवश्यकतालाई सकारात्मक रूपमा सम्बोधन गर्न सके दुई देशबिचको आर्थिक सम्बन्ध अझ व्यावहारिक र परिणाममुखी बन्नेछ।

जलस्रोत र सीमा समस्या

नेपाल र भारतबिच सहकार्यको अर्को महत्त्वपूर्ण क्षेत्र जलस्रोत हो। नेपाल जलविद्युत् उत्पादनका लागि पर्याप्त प्राकृतिक सम्भावना भएको मुलुक हो। भारत ठुलो ऊर्जा बजार भएको देश हो।

यी दुई पक्षबिचको पूरक सम्बन्धलाई प्रभावकारी रूपमा उपयोग गर्न सके नेपालले विद्युत् उत्पादन, निर्यात, राजस्व, रोजगारी र औद्योगिक विकासमा उल्लेखनीय लाभ लिन सक्छ। तर, जलस्रोतसम्बन्धी आयोजना केवल सम्झौता र घोषणामा सीमित हुनु हुँदैन। आयोजना निर्माण, लगानीको सुनिश्चितता, विद्युत् खरिद, प्रसारण लाइन, बजार पहुँच र लाभको न्यायोचित बाँडफाँट स्पष्ट हुनुपर्छ।

नेपालले आफ्नो राष्ट्रिय हितका विषयमा स्पष्ट धारणा राख्दै भारतसँग खुला र विश्वासपूर्ण संवाद गर्न सक्नुपर्छ। कूटनीति भनेको न त झुक्नु हो, न अनावश्यक टकराव सिर्जना गर्नु। कूटनीति आफ्नो हित सुरक्षित गर्दै पारस्परिक सम्मानका आधारमा सहकार्यको बाटो खोज्ने माध्यम हो। नेपालले आफ्नो विकासको प्राथमिकता, परियोजनाको आवश्यकता र अपेक्षित उपलब्धि स्पष्ट राख्न सके भारतसँगको सम्बन्धलाई थप व्यवस्थित बनाउन सकिन्छ। भारतले पनि नेपाललाई समान सम्मान र संवेदनशीलताका साथ व्यवहार गर्दै विकास साझेदारका रूपमा अघि बढाउन सके दुवै देशको सम्बन्ध नयाँ स्तरमा पुग्न सक्छ।

गैरे लेखक तथा तथा पत्रकार हुन्।

सुर्खेतमा अक्टोबर क्रान्ति दिवसमा अध्ययन गोष्ठी

वीरेन्द्रनगर, ३ मङ्सिर। १०९ औँ अक्टोबर क्रान्ति दिवसको अवसरमा 'अक्टोबर क्रान्ति र यसको महत्त्व' पुस्तकको अध्ययन गोष्ठी आइतबार वीरेन्द्रनगरमा सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सल्लाहकार सदस्य नर्मा गुरुङले अक्टोबर क्रान्तिले विश्वमा सर्वहारावर्गको हुकुम कायम हुनसक्ने शिक्षा दिएको चर्चा गर्दै सुरुदेखि नै रुसी कम्युनिस्ट पार्टीमा सैद्धान्तिक फाटो आएकोले लेनिनले पार्टीको विचारलाई स्पष्ट रूपमा अगाडि बढाएकाले अक्टोबर क्रान्ति सफल भएको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले आमूल परिवर्तनका लागि रुसका मजदुरवर्गले दिलो ज्यान दिएर समाजवाद स्थापना गरेको बताउँदै समाजवादी विचारलाई जनताको घरदैलोसम्म पुऱ्याउनुपर्ने बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी दसौँ सुर्खेत जिल्ला सम्मेलन तयारी समिति संयोजक हरिबहादुर बोहराले कार्यक्रमको सभापतित्वबाट बोल्दै आज पनि क्रान्तिलाई ओझेलमा पार्न नक्कली कम्युनिस्टहरूलाई अगाडि सारेर भ्रम छरेको छ भन्नुभयो।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले रुसको समाजवाद खत्तम गर्न पार्टीभित्र पसेका विभिन्न गुप्तचरहरूले भूमिका खेलेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी दसौँ जिल्ला सम्मेलन तयारी समितिका उपाध्यक्ष अकल राना, गणेश खड्का, चेतन पौडेल, कवि खड्का, शेरबहादुर शाही, हस्त सावद, नगर समिति अध्यक्ष कुसुमाखर खनाल, इन्द्रप्रसाद न्यौपानेलगायतले 'अक्टोबर क्रान्ति र यसको महत्त्व' पुस्तकले अक्टोबर क्रान्तिका विषयमा जानकारी पाउन सजिलो बनाएको विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो।

सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.

जगाती-७. भक्तपुर
फोन नं. ०१-६६११२००, ९८४२७७११३३

उन्नाइसौं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे

उपर्युक्त सम्बन्धमा यस श्री सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. को उन्नाइसौं वार्षिक साधारणसभा निम्न उल्लेखित मिति, समय र स्थानमा हुने भएकोले तपाईंको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

छलफल, अनुमोदन तथा पारितका लागि पेस गरिएका प्रस्तावहरू

क) आर्थिक वर्ष २०८२/०८३ को संस्थाको आर्थिक प्रगति प्रतिवेदन पारित सम्बन्धमा ।
ख) आर्थिक वर्ष २०८२/०८३ को लागि सञ्चालक समितिको तर्फबाट पेस भएको अनुमानित बजेट सम्बन्धमा ।
ग आर्थिक वर्ष २०८२/०८३ को बि.आर. दाहाल एन्ड एसोशियट्सलाई गराउने सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
घ) आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखा परीक्षण संस्था बी.आर. दाहाल एन्ड एसोशियट्सबाट प्रस्तुत लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
ङ) आर्थिक वर्ष २०८३/०८४ को लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
च) सञ्चालक समितिबाट विभिन्न मितिमा भए गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
छ) संस्थाको विभिन्न नीतिहरू अनुमोदन सम्बन्धमा ।
ज) माइन्युट प्रमाणीकरणका लागि सदस्य चयन सम्बन्धमा ।
झ) विविध ।

कार्यक्रम:
मिति : २०८३/०८/०५ गते
समय : बिहान १०:०० बजेदेखि
स्थान: सिद्धि गणेश तालिम हल, खँचा, भक्तपुर

(सूर्यराम त्वानाबासु)
सचिव

❖ २०८३ असार मसान्तसम्मको नियमित बचत, ऋण ब्याज नबुझाउने तथा भाखा नाघेको ऋणीलाई सुविधा वितरण गरिने छैन ।
❖ उपस्थित हुन आउँदा पासबुक वा संस्थाको परिचयपत्र अनिवार्य रूपमा लिएर आउनुहोस् ।

सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

विद्यार्थी सम्मान कार्यक्रमसम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ मा SEE/SLC **परीक्षा उत्तीर्ण भएका संस्थाका बाल बचतकर्ता विद्यार्थीहरू** र **दस जोड दुई** (+2) **र स्नातक** (Bachelor) **परीक्षामा उत्तीर्ण भएका संस्थाका सदस्य एवं सदस्य परिवारका विद्यार्थीहरूलाई मङ्सिर १२ गते प्रशंसापत्र वितरणसहित मार्गनिर्देशन कार्यक्रम हुने** व्यहोरा जानकारी गराउँदै **मिति २०८३/०८/०8 गतेभित्र** आफ्नो चारित्रिक प्रमाणपत्र (Character Certificate) र लब्धाङ्क (Gradesheet) पत्रसहित निवेदन दिन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

पुनश्च : विद्यार्थी सम्मान कार्यक्रममा सहभागी सम्पूर्ण विद्यार्थीहरूलाई प्रमुख अतिथिबाट प्रशंसापत्र र मायाको चिनो प्रदान गरिनेछ ।

गतिविधि





संस्थाको अध्ययन अवलोकन भ्रमणमा आउनुभएका को-अपरेटिभ क्रेडिट युनियन लिग अफ बङ्गलादेश (CCULB) का प्रतिनिधिहरूलाई स्वागत गर्नुहुँदै संस्थाका अध्यक्ष विष्णुराम दुमरू तथा स्वागत कार्यक्रमपश्चात्को सामूहिक फोटो । (मङ्सिर २)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

बन्द...

छापियो । कार्यदलले निजी क्षेत्रलाई लिजमा दिन सिफारिस गरे पनि सरकारले त्यसलाई आत्मसात गर्नु हुँदैन । जुट मिल्स सरकारले नै सञ्चालन गर्नुपर्छ । सञ्चालन गर्न सरकार अघि बढ्नु नै जाती हुन्छ या यसले देश र जनताको सेवा गर्छ । हरेक कुरामा सरकार पन्छिएर देश बन्दैन । सरकार आफ्नो जिम्मेवारीबाट पन्छिनु हुँदैन ।

सरकारले हालसम्म बन्द भएका उद्योगहरू विवरण र स्थिति सार्वजनिक गर्नुपर्छ । ती उद्योगहरू के के कारणले बन्द भएका हुन् ? त्यसको सही मूल्याङ्कन गर्नुपर्छ । ती उद्योगहरू सञ्चालन गर्न सरकारले काम थालनी गर्नुपर्छ । बन्द भएका उद्योगहरू सञ्चालन भए सरकारले एउटा गतिलो कार्य थालनी गरेको हुनेछ । यसले जनताको आवश्यकता केही मात्रामा भए पनि पूर्ति हुनेछ र देशको आम्दानी पनि बढ्नेछ । नयाँ नयाँ उद्योग खोलेर आत्मनिर्भर देश बनाउन लाग्नुपर्ने सत्तारुढ दलका नेता र मन्त्रीहरू नै परनिर्भरताको बाटोमा लागेपछि देशको अनुहार कसरी फेरिएको हुन्छ ? सरकार देश र जनताको सेवामा अघि बढ्ने हो; पछि हट्ने होइन । सरकारहरू देश र जनताको हितमा लाग्ने हो; विदेशी र विदेशको पक्षमा होइन ।

दैलेखको ग्यास उत्पादनलाई व्यवहारमा ल्याउनेतर्फ सरकारको ध्यान गइरहेको देखिँदैन । ग्यास उत्पादनमा सरकार आफैले लगानी गर्न नसक्ने स्थिति छ भने देशकै उद्योगी-व्यापारीहरूको शेयरमा लगानी गरेर सरकारले सञ्चालन गर्नुपर्छ । ग्यास उत्पादनलाई प्रयोगमा ल्याउन सके त्यो देशको निम्ति ठुलो आयस्रोत बन्ने छ । यसले पेट्रोलियम पदार्थ र ग्यास आयात कम हुनेछ र स्वदेशी रकम बिदेसिने छैन । सो ग्यास उत्पादनको जिम्मा सरकारले कतै अरु देशलाई दिने कसरत त गरिरहेको छैन ? ग्यास उत्पादनको जिम्मा विदेश या विदेशी कम्पनीलाई दिएर के देश र जनताको हित हुन्छ ? सरकारले नेपालीलाई खुसी बनाउने कि विदेशीलाई ? नेपालको आयस्रोत बढाउने कि विदेशको !

सरकारको काम भएको राजस्वलाई बाँडफाँड गर्नु या बजेट खर्च गर्नु मात्र होइन । देश र जनताको आवश्यकताअनुसार सामान उत्पादन गर्नु पनि हो । देशको लागि आवश्यक वस्तु सबै अरु देशको भरमा बसेर देश कहिले पनि समृद्ध र जनता सुखी हुने छैनन् । सरकारले कुन ठाउँमा के कस्ता उद्योग, कलकारखाना जरुरी छ सोको अध्ययन अनुसन्धान गर्नुपर्छ । सकेसम्म आफ्नै देशको स्रोत र साधन हुने स्थानमा उद्योग खोल्दा उपयुक्त हुने जानकारहरूको भनाइ छ । उत्पादित सामान निर्यात गर्ने उद्देश्यले पनि उद्योगको विस्तार गर्नुपर्छ । यतातर्फ सरकार र सत्तारुढ दलका नेताहरूको ध्यान पुग्नुपर्छ । सरकारको नेतृत्व गर्नुको अर्थ सिंहासनमा बस्नु मात्र होइन; देश र जनताको आवश्यकताअनुसार सामान उत्पादन गर्नु पनि हो ।

लुनिभा बचत तथा ऋण सहकारी संस्था लि.

सल्लाघारी, भक्तपुर, फोन नं.: ०१-६६११५६३, ६६१३२६२

१९औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा

यस संस्थाको सञ्चालक समितिको मिति २०८३/७/३० गते बसेको बैठकको निर्णयानुसार संस्थाको **१९औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा गर्ने निर्णय भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरूको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम
मिति : २०८३/९/४ गते, शनिबार
स्थान : संस्थाको कार्यालय, सल्लाघारी, भक्तपुर
समय : बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

"बचत गरौ, भविष्य बनाऔं "

खप बचत तथा ऋण सहकारी संस्था लि.

ब्यासी-२, भक्तपुर, फोन नं.: ०१-६६१९४६३

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको **१९औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा सूचित गरिन्छ ।

कार्यक्रम
मिति : २०८३/०९/०४ गते, शनिबार
समय : बिहान ११:०० बजे
स्थान : बासु मा.वि., कासन, ब्यासी, भक्तपुर

छलफलका विषयहरू

१. आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन ।
२. आ.व.२०८२/८३ को आयव्यय तथा २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व. २०८२/८३ को लेखा समितिको प्रतिवेदन ।
४. आ.व. २०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन ।
५. आ.व. २०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. सञ्चालक समितिका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
७. निर्णय प्रमाणीकरणको लागि प्रतिनिधि चयन सम्बन्धमा ।
८. विविध ।

पुनश्च :

❖ २०८३ साल मङ्सिर मसान्तसम्ममा ७० वर्ष भएका सदस्यहरूलाई सम्मान गर्ने भएकोले नागरिकतासहित संस्थामा सम्पर्क गर्नुहोला । २०८२ सालको SEE उत्तीर्ण सदस्य र सदस्यका छोराछोरीहरूलाई पुरस्कृत गरिने हुँदा यही मङ्सिर मसान्तभित्र प्रमाणपत्र वा लब्धाङ्कपत्रको फोटोकपी संस्थामा बुझाउनुहुन अनुरोध गर्दछ ।
❖ यही २०८३ असार मसान्तसम्ममा नियमित बचत, ब्याज र ऋण तिर्न वा नवीकरण गर्न बाँकी सदस्यहरूलाई साधारणसभामा दिने सुविधा उपलब्ध गराउने छैन ।
❖ साधारणसभामा उपस्थित शेयर सदस्यहरू, वृद्ध बचतकर्ता र बालबचतकर्ता सदस्यहरूलाई खाजा खर्च उपलब्ध गराइनेछ । खाजा खर्च बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म मात्र उपलब्ध गरिनेछ ।
❖ साधारणसभामा उपस्थित हुँदा अनिवार्य रूपमा परिचयपत्र वा पासबुक साथमा ल्याउनुपर्नेछ ।

सञ्चालक समिति

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★सम्पादक: चक्रबहादुर चाकतु ★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा